

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १४८ ★ ने. सं. ११४६ तछला थ्व, षष्ठी ★ शनिबार ★ ६ असार, २०८३ ★ June 20, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "विद्यालय शिक्षा राम्रो भए विश्वविद्यालय शिक्षा राम्रो हुनेछ"



भक्तपुर, ५ असार । वि.सं.२०७२ सालको भूकम्पले क्षतिग्रस्त बनाएको भक्तपुर वडा नं. २ स्थित ऐतिहासिक शारदा मा.वि.को भवन मौलिक शैलीमा सम्पन्न गरी शुक्रबार एक समारोहबिच उद्घाटन कार्यक्रमको आयोजना गरियो ।

उक्त उद्घाटन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' लेखेर भक्तपुरको संस्कृति र कलाको महत्त्वबारे संसारको अगाडि राख्नुभएको हो । शारदा माविको भवन नेपाली शैलीमा पुन: निर्माण भई आज उद्घाटनसमेत हुनुले भक्तपुरको संस्कृति र कलाको महत्त्व थप उजागर भएको छ ।"

उहाँले भन्नुभयो, "जग बलियो भए घर बलियो हुन्छ भनेजस्तै विद्यालय शिक्षा राम्रो भए विश्वविद्यालय शिक्षा राम्रो हुनेछ ।"

विद्यालय र कलेजमा वैज्ञानिक सोचाइसहितको शिक्षा दिई विद्यार्थीहरूलाई देशभक्त र नि:स्वार्थ बनाउनु जरूरी रहेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "देशभक्तहरूको आन्दोलन समाजमा भएको रूढीवादी विचार अन्त्य गर्न र देश निर्माणको लागि हुनु आवश्यक छ ।"

"कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन र निर्णय अंश अध्ययन गर्दा गत भदौ २३ र २४ गतेको आन्दोलन उपद्रव मच्चाउन भएको पुष्टि हुन्छ । यो उपद्रवको जिम्मेवार ३५ वर्ष यता पालैपालो सरकारमा गएका शासक दलहरू पनि हुन्", उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "आन्दोलनका आयोजकहरूले विद्यार्थीहरूलाई पुस्तक, झोला र विद्यालय पोशाकमा सहभागी भए गोली नहानिने बताएको र निर्णायक आन्दोलनको लागि पेट्रोल बम र घरेलु हतियारसमेतलाई प्रवेश गराएको उक्त प्रतिवेदनमा उल्लेख भएको सार्वजनिक भइरहेको छ ।"

भदौ २३ गते निहत्था जनतामाथि गोली हान्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारबाही हुनु जरूरी भएकोमा सचिव सुवालले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "गएको फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा देशभक्त जनता एक हुन नदिइँदा उपद्रव मच्चाउनेहरू संसद् र सरकारमा पुगेको पनि सार्वजनिक भइरहेको छ । यो परिणामको लागि विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाहरूको पैसा खाने र फेसबुकमा पोस्ट गर्नेहरू पनि दोषी हुन् ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले शारदा मा.वि. भक्तपुरकै एक प्रतिष्ठित र शैक्षिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आएको विद्यालय भएको बताउँदै विद्यालयको भौतिक उपलब्धिसँगै शैक्षिक उपलब्धि हासिल गर्न जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले विद्यालयको उन्नतिमा समुदायको निरन्तर साथ र सहयोग आवश्यक भएको हुँदा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको उत्साहका

*बाँकी पृष्ठ ८ मा*

## चित्रमार्फत कला, संस्कृति र सम्पदाको देश विदेशमा प्रचारप्रसार हुने



भक्तपुर, ५ असार । भक्तपुर नगरपालिकाको आयोजनामा सिथि नखा: पर्वको अवसरमा चित्रकला प्रतियोगिता शुक्रबार दरबार स्क्वायरमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूले आफूसँग भएको सीपलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कलाकार देशको सम्पत्ति भएको धारणा राख्दै उहाँले चित्रकार चित्रले धेरै कुरा दर्शाउने भएकोले चित्रमार्फत भक्तपुरको कला, संस्कृति र सम्पदाको विषयमा देश विदेशमा प्रचारप्रसारमा सहयोग पुग्नेछ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययनको लागि छात्रवृत्ति वितरण गर्दै आएको र उच्च शिक्षा अध्ययनका लागि ऋण पनि उपलब्ध गराउँदै आएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिका शिक्षा शाखाका प्रमुख साधुराम फुयालले चित्र कोर्ने कलाकारले चित्रमार्फत भक्तपुरको जनजीवनलाई उजागर गर्नुका साथै यहाँको कला, संस्कृति र सम्पदालाई चित्रमार्फत देखाएको बताउनुभयो ।

कलाकार जगतराम धुख्वाले कलाकारले आफ्नो सीपलाई निरन्तरता दिनुपर्ने र आफूसँग भएको सीपलाई अरूलाई पनि सिकाउँदै लानुपर्ने बताउनुभयो ।

चित्र लेखनको लागि प्रतियोगितामा कक्षा ५ सम्मका लागि कला, संस्कृति र सम्पदा विषय दिइएको थियो भने कक्षा ६ भन्दा माथिका लागि वातावरण र हाम्रो दैनिक जीवन दिइएको थियो ।

प्रतियोगितामा २ सय ७२ जनाको सहभागिता थियो । प्रतियोगिताको कला, संस्कृति र सम्पदा विषयक कक्षा ५ सम्मको समूहबाट वागीश्वरी माध्यमिक विद्यालयका लोककुमारी मगर प्रथम, सूर्योदय सेकेन्डरी स्कूलका रिया मुस्याख्व द्वितीय र राजर्षी गुरूकुलका हार्पर नोरा प्रजापति तृतीय भएका थिए । वातावरण

*बाँकी पृष्ठ ८ मा*

## अमेरिका–इरान शान्ति वार्ता पुन: स्थगित

जेनेभा, १९ जून (एएफपी) । अमेरिका-इरान शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय वार्ता पुन: अनिश्चित बनेको छ र मध्यपूर्वमा जारी तनाव व्यवस्थापन गर्ने उद्देश्यले तय गरिएको स्विट्जरल्यान्डको बैठक स्थगित भएको स्विस सरकारले जनाएको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्द भएको केही घण्टापछि वार्ता स्थगनको औपचारिक घोषणा गरिएको हो ।

स्विस विदेश मन्त्रालयले एएफपीलाई पठाएको सूचनामा अमेरिका, इरान, कतार र पाकिस्तानबिच हुने भनिएको वार्ता हाललाई रोकिएको स्पष्ट गरिएको छ । मन्त्रालयका अनुसार बर्गेनस्टकमा आवश्यक तयारी कार्य जारी रहे पनि नयाँ मिति तय गरिएको छैन । स्विट्जरल्यान्डले वार्ता सहज बनाउन आफू तयार रहेको जनाएको छ ।

यो वार्ता हालै सम्पन्न भनिएको सम्झौतापछि अगाडि बढ्ने दोस्रो चरणको छलफलका रूपमा हेरिएको थियो र यसको उद्देश्य इरानसँगको द्वन्द्व अन्त्य गर्ने, हर्मुज जलडमरु पुन: सञ्चालनमा ल्याउने तथा तेहरानको आणविक कार्यक्रमलगायत विषयमा ६० दिनभित्र ठोस सहमति खोज्ने रहेको उल्लेख गरिएको थियो ।

ह्वाइट हाउसले भान्सको यात्रा रद्द गर्दै वार्ता स्थगन गरिएको पुष्टि गरेको छ । अमेरिकी प्रशासनका अनुसार कूटनीतिक प्रक्रिया जटिल र अस्थिर भएकाले समयतालिका बारम्बार परिवर्तन भइरहेका छन्, तर प्राविधिक तहका छलफल छिट्टै सुरु गर्ने तयारी भइरहेको छ ।

इरानतर्फ तस्निम समाचार एजेन्सीले इरानी प्रतिनिधिमण्डलको स्विट्जरल्यान्ड भ्रमणबारे कुनै आधिकारिक पुष्टि नभएको जनाएको छ । यसले दुवै पक्षबिच औपचारिक संवाद अघि बढे पनि कार्यान्वयन चरण अझै अनिश्चित रहेको देखाएको छ ।

समाचार अनुसार उक्त सम्झौतामा अमेरिका र इरानका शीर्ष नेतृत्वबिच छुट्टाछुट्टै हस्ताक्षर भएको दाबी गरिएको छ, जसलाई लिएर विभिन्न राजनीतिक प्रतिक्रिया आएका छन् । इरानका सर्वोच्च नेताका रूपमा उल्लेख गरिएका अयातुल्ला मोजताबा खामेनीले केही असहमति हुँदाहुँदै पनि राष्ट्रहितका कारण सम्झौतालाई अनुमोदन गरेको बताउनुभएको छ । यद्यपि, ती दाबीहरूको स्वतन्त्र पुष्टि भने भएको छैन ।

इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले सम्झौताको उल्लङ्घन भए 'निर्णायक जवाफ' दिने चेतावनी दिनुभएको छ । यता अमेरिकी सेनाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी हटाएको बताइएको छ भने आफ्ना युद्धपोतहरू क्षेत्रमै रहने जनाएको छ ।

ऊर्जा तथा रणनीतिक दृष्टिले महत्त्वपूर्ण हर्मुज जलडमरुमा गतिविधि पुन: सुरु हुन थालेको सङ्केत देखिएको छ । केही तेल ट्याङ्कर र तरल प्राकृतिक ग्यास बोकेका जहाजहरूले जलमार्ग प्रयोग गरेको रिपोर्ट आएको छ । इरानले भने जहाज आवागमनका लागि नयाँ अनुमति प्रणाली लागू गरेको छ, जसअनुसार ६० दिनसम्म शुल्क

*बाँकी पृष्ठ ८ मा*

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३१

**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल :**

२०८२ भदौ २३ गतेको आन्दोलनअघि जेनजीहरूले प्रयोग गरिरहेको Reddit, Discord, X लगायतका सामाजिक सञ्जालबारे सशस्त्र प्रहरी बलको सूचना सङ्कलन प्रणाली र सङ्गठनात्मक संरचनाबाट कुनै रिपोर्टिङ भएको थिएन । संसद् भवनमा आक्रमण हुनेबारे ठोस पूर्वसूचना नभए पनि विश्लेषणको आधारमा बानेश्वर क्षेत्रलाई उच्च सुरक्षा चुनौती भएको क्षेत्रको रूपमा राखिएको थियो । नेपाल सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय लिनुपूर्व यसबाट उत्पन्न हुने सुरक्षा चुनौतीका सम्बन्धमा सशस्त्र प्रहरी बल नेपालसँग कुनै राय-सल्लाह लिएको थिएन ।

जिल्ला प्रशासन कार्यालय, काठमाडौँले जारी गरेको कर्फ्यु आदेशपछि जिल्ला सुरक्षा समिति/प्रमुख जिल्ला अधिकारी एवम् सबै सुरक्षा निकायसँग समन्वयात्मक ढङ्गले स्थानीय प्रशासन ऐनमा भएको व्यवस्थाबमोजिम कार्य गर्न निर्देशन दिएको थिएँ । सशस्त्र प्रहरी बलको तर्फबाट अन्तर्राष्ट्रिय प्रहरी मानक र मानव अधिकार मापदण्ड उल्लङ्घन हुने गरी घातक गोली प्रहार भएको छैन, हवाई फायरिङ भएको थियो ।

भदौ २३ गतेको घटनापश्चात् प्रधानमन्त्रीसमक्ष सुरक्षा प्रमुखहरूको ब्रिफिङ भएको थियो । भदौ २४ गते बिहान हामी प्रधानमन्त्री निवास बालुवाटार पुगेका थियौँ । भिड नियन्त्रण, सुरक्षा चुनौती, सार्वजनिक स्थलमा आगजनी, तोडफोड र लुटपाटको स्थितिबारे अवगत गराएपछि प्रधानमन्त्रीले घटनाको गम्भीरता स्वीकार गर्दै सुरक्षा निकायहरूबिच समन्वयमा थप प्रभावकारिता ल्याउन निर्देशन दिनुभएको थियो ।

भदौ २३ र २४ गतेको आन्दोलनमा बल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीबाट एसएलआर १० नाल, ग्यासगन ४ नाल, गोली र सशस्त्र प्रहरी बल नं. ९ पशुपति बाहिनी मुख्यालय काठमाडौँबाट एसएलआर ११ नाल, ग्यासगन २ नाल, एसएमजी १ नाल र गोलीसमेत हराएको छ ।

**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल :**

भदौ २३ गते बिहानैदेखि एम्बुलेन्समा आगजनी, ढुङ्गामुढा, हातपात तथा भित्री सुरक्षा घेरातर्फ धकेल्ने गतिविधि सुरू भएपछि सशस्त्र प्रहरीको तर्फबाट हवाईफायरमात्रै भएको हो । प्रदर्शनकारीहरूको मृत्युमा सशस्त्र प्रहरीको कुनै भूमिका छैन ।

भदौ २४ गते उपत्यकामा सुरक्षाकर्मीको न्यून सङ्ख्या, कमजोर भौतिक संरचना तथा फिल्डमा खटिएका अधिकांश जनशक्ति अन्य महत्त्वपूर्ण

*बाँकी पृष्ठ ८ मा*

# ख्वप कलेज अफ इन्जिनियरिङमा अन्तर–कक्षा खेलकुद प्रतियोगिता सुरु



भक्तपुर, ५ असार । विद्यार्थीहरूको शैक्षिक विकासका साथै शारीरिक र मानसिक तन्दुरुस्तीलाई प्रवर्द्धन गर्ने उद्देश्यले ख्वप कलेज अफ इन्जिनियरिङमा अन्तर–कक्षा बास्केटबल तथा ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । कलेजको खेलकुद सर्कल र एसक्यूसी (क्तत्र) को संयुक्त आयोजनामा सञ्चालित उक्त प्रतियोगिता असार ०७ गतेसम्म चल्नेछ ।

कलेज प्राङ्गणमा आयोजित एक विशेष समारोहकाबिच कलेजको कम्प्युटर एन्ड इलेक्ट्रोनिक्स विभागका सह–विभागीय प्रमुख नरेश खत्रीले खेल निर्णायक (रेफ्री) लाई बास्केटबल हस्तान्तरण गर्दै प्रतियोगिताको औपचारिक उद्घाटन गर्नुभयो ।

प्रतियोगिताको पहिलो दिन बिहीबार बास्केटबलतर्फका पाँच वटा खेलहरू सम्पन्न भएका छन् । कलेजका विभिन्न सङ्काय र ब्याचका विद्यार्थीहरू सम्मिलित टोलीहरूबिच प्रतिस्पर्धात्मक खेल भएको खेलकुद सर्कलका संयोजक विवेक आचार्यले बताउनुभयो ।

विद्यार्थीहरूलाई मानसिक तनावबाट मुक्त राख्न, नेतृत्व क्षमताको विकास गराउन र सामूहिक भावना ( टीम वर्क) अभिवृद्धि गर्न खेलकुद प्रतियोगिता आयोजना तथा व्यवस्थापन गर्न वातावरण मिलाइदिएकोमा उहाँले कलेज प्रशासनप्रति धन्यवाद व्यक्त गर्नुभयो । कलेज प्रशासनले खेलकुदलाई पाठ्यक्रमकै एक अभिन्न हिस्साका रूपमा लिँदै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा जोड दिएको आचार्यको भनाइ थियो ।

प्रतियोगिताअन्तर्गत शुक्रबार र शनिबार अन्य चरणका बास्केटबल र ब्याडमिन्टन खेलहरू सञ्चालन हुनेछन् भने फाइनल खेल आगामी आइतबार भव्य रूपमा सम्पन्न हुने आयोजक सर्कलले जानकारी दिएको छ ।

# असार ६ र ७ गते हेरिटेज मार्केट–कल्चरल किचेन आयोजना हुने

भक्तपुर, ५ असार । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना तथा भक्तपुर पर्यटन विकास समितिको सहकार्य र गोलोकलको संयोजनमा असार ६ र ७ गते भक्तपुर नगरपालिका वडा नं २ न:पुखु परिसरमा सिठि नखा पर्वको उपलक्ष्यमा हेरिटेज मार्केट–कल्चरल किचेन मेला हुने भएको छ ।

विगतदेखि नै भक्तपुरका मौलिक तथा परम्परागत उद्योगबाट उत्पादित वस्तु तथा सेवालाई प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गर्दै आइरहेको भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको यो मेला १५ औँ संस्करण हुने आयोजक संस्थाका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ र भक्तपुर पर्यटन विकास समितिले अभियानको रूपमा सञ्चालन गर्दै आइरहेको गो लोकल अभियानले संयोजन गर्ने यस मेलामा भक्तपुरका मौलिक उत्पादनहरू जु जु धौ, भादगाउँले टोपी ,काष्ठकला, हस्तकला, नेवारी कपडा, ताइचिन बजी, नर्सरी, अचार, पाउँ, नेपाली कपडा लगायत विभिन्न उपहारका सामग्रीहरूको स्टल रहने छन् भने नेवारी खाजा, योमरी, च्याउका प्रकारहरूको खाजा स्टल गरी ४० वटा स्टल रहने छन् । मेला बिहान १० बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको हस्तबाहुलिबाट हुने मेला व्यवस्थापन समितिका संयोजक हरिगोपाल त्वायनाले जानकारी गराउनुभयो । त्यसैगरी मेलामा स्टल सजावट, व्यापार, व्यवसायलगायत विभिन्न विषयलाई मूल्याङ्कन गरी दुईवटा स्टललाई उत्कृष्ट स्टलको रूपमा सम्मान गरिने मूल्याकन समितिका संयोजक सोम तामाङले जानकारी गराउनुभयो ।

मेला अवलोकलन गरी सामान खरिद गरी उद्यमी व्यवसायीलाई हौसला प्रदान गरिदिनहुन आयोजकले सबैमा अनुरोध गरेको छ ।

# कर्णालीमा 'राष्ट्रिय एथ्लेटिक्स च्याम्पियनसिप' सुरु

कर्णाली, ५ असार । सुर्खेतको वीरेन्द्रनगरमा ४६ औँ राष्ट्रिय एथ्लेटिक्स च्याम्पियनसिप, २०८३ सुरु भएको छ । नेपाल एथ्लेटिक्स सङ्घका आयोजना तथा कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सहयोग तथा समन्वयमा सञ्चालित उक्त प्रतियोगिताको शुक्रबार कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री एवं सङ्घका केन्द्रीय अध्यक्ष राजीवबिक्रम शाहले उद्घाटन गर्नुभयो ।

मन्त्री शाहले प्रदेश सरकारले कर्णालीलाई खेल क्षेत्रका केन्द्र बनाउने लक्ष्यअनुसार कर्णालीमा पहिलोपटक राष्ट्रियस्तरको एथ्लेटिक्स च्याम्पियनसिप आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "मुलुकको आर्थिक समृद्धि, सामाजिक विकास र पर्यटन प्रवर्द्धनमा खेल क्षेत्रको धेरै ठुलो भूमिका छ । कर्णाली त्यो सम्भाव्य भूमि हो जसले खेल क्षेत्रबाट देशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा चिनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । विकट भूगोल र पिछडिएको भनिएको प्रदेशमा राष्ट्रियस्तरको खेलकुद हुनु राष्ट्रकै लागि गौरवको विषय हो ।"


प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले ट्रयाक र फिल्डको परीक्षणका लागि एथ्लेटिक्स खेलको आयोजना गरिएको बताउनुभयो । परिषद्मा ४३ विभिन्न खेल दर्ता भएको र ती खेल ओलम्पिक कमिटी दर्ता गराई उनीहरूको संस्थागत विकास गर्नु प्रमुख उद्देश्य रहेको उहाँको भनाइ थियो ।

नेपाल एथ्लेटिक्स सङ्घका केन्द्रीय उपाध्यक्ष कोमल ओलीले कर्णाली प्रदेशको सुन्दर नगरी वीरेन्द्रनगरमा राष्ट्रियस्तरको एथ्लेटिक्स खेलकुद हुनुले यसको गरिमा र क्षमता बढाएको बताउनुभयो ।

प्रतियोगितामा पुरुष तथा महिलातर्फ १४/१४ गरी २८ इभेन्ट छन् । यसमा सात प्रदेश, तीन विभागीय टोली नेपाली सेना, त्रिभुवन आर्मी क्लब, नेपाल सशस्त्र प्रहरीको एपीएफ र नेपाल प्रहरीतर्फको पुलिस क्लब रहेको छ । दश टोलीबाट १२० महिला र १२० पुरुष गरी २४० जना खेलाडीहरूले २८ स्वर्ण पदकका लागि स्पर्धा गर्नेछन् ।

प्रतियोगिताअन्तर्गत शुक्रबार भएको दश किलोमिटर दौड प्रतियोगितामा पुरुषतर्फ नेपाल आर्मीका राजन रोकाय र महिलातर्फ वाग्मती प्रदेशका सन्तोषी श्रेष्ठ प्रथम हुनुभएको छ । च्याम्पियनसिपका विजेता खेलाडीहरूलाई क्रमश: १५/१५ हजार नगद पुरस्कारसहित ट्रफी, पदक र प्रमाणपत्र प्रदान गरिनेछ । ***(रासस)***

## हार्दिक समवेदना



जन्म : २०४९/०८/११
निधन: २०८३/03/03

यस संस्थाको युवा तथा खेलकुद उपसमितिका सदस्य एवम् सदस्यता नं. ९०१ का **रोशन गाईजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
जेँला–८, भक्तपुर

# मधेस प्रदेश सरकारको ११ महिनामा पुँजीगत खर्च १३ दशमलव ७६ प्रतिशत मात्र

जनकपुरधाम, ५ असार । चालु आर्थिक वर्ष २०८२/८३ सकिन एक महिनामात्र बाँकी रहँदा मधेश प्रदेश सरकारको पुँजीगत खर्च निराशाजनक देखिएको छ ।

प्रदेश अर्थ मन्त्रालयका अनुसार प्रदेश सरकारले साउनदेखि जेठसम्ममा कूल बजेटको २१ दशमलव २४ प्रतिशत खर्च गरेको छ । जसमध्ये चालुतर्फ ३६ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १३ दशमलव ७६ प्रतिशत बजेट खर्च गरेको प्रदेश सरकारको अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिनुभयो ।

चालु आवका लागि प्रदेश सरकारले रु. ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको थियो । जसमध्ये जेठसम्म रु. नौ अर्ब ९८ करोड ५५ हजार मात्रै खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ६९ दशमलव ६५ प्रतिशत, मुख्यन्यायाधिवक्ताको कार्यालयले ४९ दशमलव ७२ प्रतिशत, अर्थ मन्त्रालयले ४७ दशमलव २८ प्रतिशत, प्रदेशसभा सचिवालयले ४५ दशमलव १७ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ३९ दशमलव ८२ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ३५ दशमलव ३९ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम खेलकुद तथा समाज कल्याण मन्त्रालयले पाँच दशमलव ५७ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, पटक–पटक सरकार परिवर्तन भएकोजस्ता कारणले बजेट कार्यान्वयन कमजोर भएका मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बताउनुभयो । उहाँले चालु आवको अन्त्यसम्ममा बजेट खर्च ५० प्रतिशतभन्दा बढी हुने अर्थमन्त्री भट्टराईको विश्वास छ । ***(रासस)***

# मेक्सिको विश्वकपको नकआउट चरणमा



काठमाडौँ, ५ असार । मेक्सिको फिफा विश्वकप फुटबलको नकआउट चरणमा पुगेको छ । समूह 'ए' अन्तर्गतको आफ्नो दोस्रो खेलमा दक्षिण कोरियालाई पराजित गर्दै मेक्सिको जारी प्रतियोगिताको नकआउट चरणमा पुग्ने पहिलो टोली बन्यो ।

मेक्सिकोको इस्तादियो ग्वादालाहारा स्टेडियमा शुक्रबार भएको खेलमा मेक्सिकोले दक्षिण कोरियालाई १–० गोलअन्तरले पराजित गऱ्यो ।

मेक्सिकोको जितमा लुइस रोमो नायक बने । उनले खेलको ५० औँ मिनेटमा गरेको गोल नै मेक्सिकोको लागि निर्णायक गोल साबित भयो ।

यस जितसँगै विश्वकपको समुह 'ए' मा रहेको मेक्सिकले दुई खेलमा ६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा छ । मेक्सिकोले आफनो पहिलो खेलमा दक्षिण अफ्रिकालाई पराजित गरेको थियो ।

शुक्रबार मेक्सिकोसँग पराजित भए पनि दक्षिण कोरियाको पनि नकआउट चरण प्रवेशको सम्भावना कायमै रहेको छ । तीन अङ्क बटुलेको दक्षिण कोरियाले पहिलो खेलमा चेक रिपब्लिकलाई पराजित गरेको थियो । यसै समूहमा रहेका चेक रिपब्लिक र दक्षिण अफ्रिकाको समान एक/एक अङ्क छ । उनीहरूको पनि अघिल्लो चरण प्रवेशको सम्भावना कायमै छ ।

विभिन्न ४८ राष्ट्र सहभागी यस विश्वकपको नकआउट चरणमा ३२ टोली पुग्नेछन् । जसमा प्रत्येक समूहबाट शीर्ष दुई टोली र तेस्रो हुनेमध्येबाट उत्कृष्ट आठ टोली गरी ३२ राष्ट्रले नकआउट चरणमा खेल्नेछन् ।

# विश्वकप फूटबल: चेक रिपब्लिक र दक्षिण अफ्रिकाबिचको खेल बराबरी

काठमाडौँ, ५ असार । फिफा विश्वकप फुटबल २०२६ प्रतियोगिताअन्तर्गत समूह चरणको दोस्रो राउन्डको पहिलो खेलमा चेक रिपब्लिक र दक्षिण अफ्रिकाबिचको खेल बराबरीमा सकिएको छ ।

अमेरिकाको एटलान्ट स्टेडियममा शुक्रबार भएको समूह 'ए'को खेलमा अग्रता जोगाउन नसक्दा चेक रिपब्लिक दक्षिण अफ्रिकासँग १–१ गोलको बराबरीमा रोकिएको हो । खेलको छैटौँ मिनेटमा चेक रिपब्लिकका मिचलविश्वकप फुटबल: चेक रिपब्लिक र दक्षिण अफ्रिकाबिचको खेल बराबरी सादिलेकले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए ।

त्यसपछि खेलको ८३ औँ मिनेटमा पेनाल्टीमार्फत दक्षिण अफ्रिकाले एक गोल फर्कायो । खेलको ८३ औँ मिनेटमा डिबक्सभित्र चेक रिपब्लिकका खेलाडीको हातले बललाई छोएपछि दक्षिण अफ्रिकाले पेनाल्टी पाएको थियो । सोही अवसरलाई सदुपयोग गर्दै दक्षिण अफ्रिकाका खेलाडी तेबोहो मोकोनाले गोल गरे । ***(रासस)***

## सङ्क्षिप्त समाचार

# कक्षा १२ को परीक्षाफलमा ६४ प्रतिशत ग्रेडेड

काठमाडौँ, ५ असार । राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेका छ । बोर्डका अनुसार नतिजामा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी वर्गीकृत (ग्रेडेड) भएका छन् ।

जसमध्ये नियमिततर्फ ६९ दशमलव ७५ र आंशिकतर्फ ४२ दशमलव ३८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका हुन् । नियमिततर्फ यस वर्ष तीन लाख ३२ हजार दुई सय ४१ र आंशिकतर्फ ८५ हजार नौ सय २९ गरी कूल चार लाख १८ हजार एक सय ७९ परीक्षार्थी परीक्षामा सहभागी भएका थिए । तीमध्ये नियमिततर्फ दुई लाख ३१ हजार सात सय ७० र आंशिकतर्फ ३६ हजार चार सय २० जना गरी कूल दुई लाख ६८ हजार एक सय ९० परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन् । ***(रासस)***

# उजुरीपछि कोटहीमाई गाउँपालिकामा अख्तियारको छापा

सिद्धार्थनगर (भैरहवा), ५ असार । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलले रूपन्देहीको कोटहीमाई गाउँपालिकामा नदीजन्य पदार्थ उत्खनन तथा ठेक्का व्यवस्थापनका सम्बन्धमा अनुसन्धान अघि बढाएको छ । ठेक्का व्यवस्थापनका सम्बन्धमा अनियमितता भएको उजुरीपछि अख्तियारले सम्बन्धित कागजात नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ ।

नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी व्यवस्थापन तथा ठेक्का प्रक्रियामा अनियमितता भएको आरोपमा परेको उजुरीका आधारमा अख्तियारको टोली गाउँपालिकामा पुगेर आवश्यक कागजात सङ्कलन गरेको हो । स्थानीयवासीले नदी दोहन, मापदण्डविपरीत उत्खनन तथा बिक्री प्रक्रियामा अनियमितता भएको गुनासो गर्दै आएका थिए

गाउँपालिकाले चालु आर्थिक वर्षमा तिनाउ र दानव नदीका चार स्थानमा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का दिएको थियो । ठेक्का प्रक्रियामा जनप्रतिनिधि र कर्मचारीको मिलेमतो रहेको आरोपसहित अख्तियारमा उजुरी परेको बताइएको छ ।

अनुसन्धानका क्रममा वडा नं. ५ स्थित बेनीघाट क्षेत्रमा उत्खननको अनुमति पाएको निर्माण कम्पनीले स्वीकृत स्थानभन्दा फरक क्षेत्रमा घाटगद्दी राखेको विषय पनि छानबिनको दायरामा परेको छ ।

स्थानीयवासीले नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी सम्पूर्ण प्रक्रियाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही हुनुपर्ने माग गरेका छन् । अख्तियारले घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको जनाएको छ । ***(रासस)***

# घुस लिएको अभियोगमा मुद्दा दायर

काठमाडौँ, ५ असार । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवविरुद्ध घुस लिएको अभियोगमा मुद्दा दायर गरेको छ ।

सडक ढलान योजनाको कार्य सम्पन्नपश्चात् भुक्तानी गर्ने प्रयोजनका क्रममा विभिन्न बहाना बनाई दुःख दिई सेवाग्राहीसँग रु. ७२ हजार घुस लिएको अभियोग लागेको छ ।

आयोगको बर्दिबासबाट खटिएको टोलीले प्रमुख प्रशासकीय अधिकृत यादवलाई सेवाग्राहीसँग घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको थियो । आयोगले आरोपी प्रमुख प्रशासकीय अधिकृत यादवविरुद्ध बिगोबमोजिम कैद सजायको समेत माग गरी मुद्दा दायर गरेको छ । ***(रासस)***

# ट्राफिक कारबाहीबाट २४ घण्टामा २२ लाख ३९ हजार राजस्व दाखिला

काठमाडौँ, ५ असार । काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा दुई हजार ५५६ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २२ लाख ३९ हजार राजस्व दाखिला भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कारबाहीमा परेकाहरूमा मादकपदार्थ सेवन गरेका १०६, नियमविपरीत 'राइड सेयरिङ' गरेका १५४, सङ्केत बत्ती उल्लङ्घनकर्ता १०७ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १८३ जनालाई कारबाही ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार 'लेन' अनुशासन पालना नगर्ने ९७, निषेधित क्षेत्रमा हर्न बजाउने १०९, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ९८, यान्त्रिक अवस्था ठीक नभएका ३० र अन्य सवारी नियम पालना नगरेका एक हजार ६७२ गरी कूल दुई हजार ५५६ जनालाई कारबाही गरिएको हो । ***(रासस)***

# प्रज्ञाको कविता महोत्सव स्थगन

काठमाडौँ, ५ असार । नेपाल प्रज्ञा प्रतिष्ठानले 'राष्ट्रिय कविता महोत्वस-२०८३' स्थगन गरेको छ । प्रतिष्ठानले ६९ औँ वार्षिकोत्वसका अवसरमा यही असार ९ गते आयोजना गर्न लागेको महोत्सव विशेष कारणवश स्थगित भएको जनाएको छ ।

प्रतिष्ठानले गत वैशाख १६ गते सूचना प्रकाशित गरी महोत्सवका लागि कविता आह्वान गरेको थियो । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख सुमन अधिकारीले अर्को सूचना नआएसम्म महोत्सवका लागि पठाइएका कविताहरू अन्यत्र प्रकाशन तथा प्रसारण नगर्न आग्रह गरिएको जानकारी दिनुभयो ।

प्रतिष्ठानका भौतिक संशाधन महाशाखा प्रमुख सन्ध्या पहाडीले प्राज्ञ परिषद नहुँदा कविता छनोटका लागि समिति गठनलगायत प्रशासनिक कार्यमा प्रभावित भएकाले महोत्सव स्थगन गरिएको बताउनुभयो ।

हाल प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्यसचिवलगायतका पदाधिकारीको पद रिक्त छ । ***(रासस)***




**आँप महोत्सव :** धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा आयोजित तेस्रो आम मेला महोत्सवमा प्रदर्शनीका लागि राखिएका विभिन्न प्रकारका आँप । यो महोत्सव हरेक वर्ष असार महिनामा आयोजना गर्ने गरिन्छ ।
*तस्बिर : चन्द्रदेव साह/ रासस*

# साना तथा मझौला आयोजना प्रवर्द्धन गर्न पीपीए खुला

***- रमेश लम्साल***

काठमाडौँ, ५ असार । सरकारले साना तथा मझौला आयोजनालाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ १० मेगावाटभन्दा कम क्षमताका जलविद्युत् परियोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) खुला गरेको छ ।

साना तथा मझौला आयोजनाको विकास र प्रवर्द्धन गर्ने एवम् लगानीका विस्तारका लागि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले उक्त निर्णय गरेको जनाएको छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले साना तथा मध्यम स्तरका आयोजनाको विशेष प्रवर्द्धनका लागि यस्तो व्यवस्था गरिएको जानकारी दिनुभयो ।

नेपालको जलविद्युत् इतिहास पनि साना आयोजनाबाटै अगाडि बढेको हो । कूल पाँच सय किलोवाट क्षमताबाट सुरु भएको जलविद्युत् इतिहास शुक्रबार ठुला जलाशययुक्त आयोजनासम्म पुगेको छ ।

सुरुमा निजी क्षेत्रले साना तथा मझौला आयोजना निर्माणमा नै ध्यान दिएका थिए । पछिल्ला दिनमा आइपुग्दा नेपालको निजी क्षेत्रले ३४१ मेगावाट क्षमताको अर्धजलाशययुक्त प्रकृतिको बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्दै छ । कूल ८६ मेगावाट क्षमताको सोलु खोला जलविद्युत् आयोजना निर्माण गरेको साहस ऊर्जाले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्दै छ ।

तमोर इनर्जीले २८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजना निर्माण गर्दै छ । अर्धजलाशयुक्त प्रकृतिको सो आयोजना निर्माण गर्ने निजी क्षेत्रले पनि सुरुमा साना तथा मझौला आयोजनाबाटै निर्माण सुरु गरेको थियो ।

विद्युत् विकास विभागका अनुसार, एक मेगावाटभन्दा कम क्षमताका २३ वटा आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । ती आयोजनाको कूल क्षमता १७ दशमलव ६५ मेगावाट छ ।

यस्तै, सर्वेक्षण अनुमतिका लागि ५९ वटा परियोजनाले विभागमा आवेदन दिएका छन् । ती आयोजनाको क्षमता ५० मेगावाट छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पनि एक मेगावाटभन्दा कम क्षमताका लघु जलविद्युत् आयोजनाको प्रवर्द्धन गर्दै आएको छ ।

कूल १० किलोवाटदेखि १०० किलोवाटसम्म क्षमता भएका आयोजनालाई माइक्रो हाइड्रो, १०० किलोवाटदेखि एक मेगावाटसम्मका आयोजनालाएै मिनी हाइड्रोको रूपमा लिइएको छ ।

जलविद्युत् क्षेत्रमा लगानी गरौ र अगाडि बढौँ भन्ने मनसायका साथ अगाडि बढ्न चाहेका व्यवसायीलाई प्रेरित गर्ने उद्देश्यका साथ सरकारले १० मेगावाटसम्मका आयोजनाको विद्युत् खरिद बिक्रीमा सहजीकरण गरेको स्पष्ट पारेको छ ।

यस्तै, जलाशययुक्त आयोजनामा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको ऊर्जामन्त्री श्रेष्ठको कथन छ । जलाशययुक्त आयोजनामा शतप्रतिशत लगानी सुनिश्चित गरे पहिलो वर्षमै ४० प्रतिशतसम्म आईपीओ जारी गर्न पाउने र लाइसेन्स अवधि ५० वर्ष हुने व्यवस्था गरिएको छ ।

त्यस्तै जलविद्युत् प्रवर्द्धकहरूको लगानीको सुरक्षाका निम्ति 'टेक अर पे' मोडेलमा नयाँ विद्युत् खरिद सम्झौता ( पिपिए) गरिने छ । साथै १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको तत्काल पिपिए खुला गरिएको छ ।

राष्ट्रिय प्रसारण लाइन नपुगेका स्थानमा सौर्य ऊर्जा, लघु जलविद्युत्, बायोग्यास र बायोमासजस्ता नवीकरणीय ऊर्जाका प्रविधिमार्फत स्वच्छ ऊर्जा पहुँच विस्तार गर्ने सरकारको लक्ष्य छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई ऐनमार्फत परिचालन गर्दै ग्रामीण क्षेत्रमा स्वच्छ ऊर्जाको आपूर्तिमा थप भूमिका प्रदान गर्ने तयारीमा मन्त्रालय लागिपरेको छ । उपभोक्तालाई दिगो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ ।

मन्त्रालयले आगामी आर्थिक वर्षभित्रै १३२ केभी क्षमताका नौ वटा, २२० केभी क्षमताका दुई र नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार आयोजना एउटा गरी १२ वटा प्रसारण लाइनको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ । त्यसका लागि मन्त्रालयले आफ्नो कार्ययोजना तयार गरी अगाडि बढिसकेको स्पष्ट पारेको छ ।

आगामी आवको अन्त्यसम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन करिब सात हजार ४८ सर्किट किलोमिटर सम्पन्न हुने अनुमान छ । आगामी आर्थिक वर्षमा करिब ८०० सर्किट किलोमिटर थप निर्माण सम्पन्न गर्ने मन्त्रालयको योजना छ । आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन र वितरण लाइन सुधार तथा विस्तारका लागि करिब रु. ४६ अर्ब २५ करोड विनियोजिन गरिएको मन्त्रालयले जनाएको छ । ***(रासस)***

# काभ्रेमा आठ हजार नागरिकता जारी २७ हजार परिचयपत्रको आवेदन

काभ्रेपलाञ्चोक, ५ असार । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आठ हजार ६० नयाँ नागरिकता जारी गरेको छ । सोही अवधिमा २७ हजारभन्दा बढी जिल्लाका नागरिकले राष्ट्रिय परिचयपत्रका लागि आवेदन गरेको जनाइएको छ ।

कार्यालयद्वारा सार्वजनिक चालु आवको ११ महिनाको कार्यप्रगति विवरण अनुसार हालसम्म २० जनाले आमाको नामबाट नागरिकता लिएका छन् भने नयाँ नागरिकता लिनेभन्दा प्रतिलिपि बनाउनेको सङ्ख्या यस वर्ष पनि अधिक रहेको पाइएको छ । कार्यालयका तथ्याङ्कअनुसार गत साल साउनमा ८४४, भदौमा ५३८, असोजमा ४६२, कार्तिकमा ६८६, मङ्सिरमा ९२९, पुसमा ४२८, माघमा ८६४, फागुनमा ४०१, चैतमा ५१८, वैशाखमा ८३२ र जेठमा एक हजार ५५८ नागरिकता जारी भएको छ । यही अवधिमा नागरिकताको प्रतिलिपि लिनेको सङ्ख्या भने १० हजार ६९ रहेको छ ।

त्यसैगरी, गत साउनदेखि जेठसम्मको अवधिमा ३६ वटा गैरआवासीय नागरिकता जारी भएको छ भने नागरिकता परित्याग गर्नेको सङ्ख्या ४७ रहेको छ । यही अवधिमा आठ नागरिकता रद्द र आठ अङ्गिकृत नागरिकता जारी गरिएको कार्यालयको कार्यप्रगति विवरणमा उल्लेख छ ।

त्यस्तै, गत जेठसम्ममा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिनेको सङ्ख्या २७ हजार ३२५ रहेको छ । गत साउनमा मात्र यो सङ्ख्या तीन हजार ४५३ रहेको थियो भने भदौमा दुई हजार ८९७, असोजमा एक हजार ९६२ नागरिकले आवेदन दिएका थिए । यस्तै कार्तिकमा दुई हजार २९२ जनाले आवेदन दिएका थिए । मङ्सिरमा दुई हजार ७८९, पुसमा दुई हजार २४८, माघमा दुई हजार ५८३, फागुनमा एक हजार ४५९, चैतमा दुई हजार १२३, वैशाखमा दुई हजार १६४ र जेठमा तीन हजार ३५५ जनाले आवेदन दिएको जनाइएको छ ।

यही अवधिमा छ हजार ६१६ राष्ट्रिय परिचययपत्र कार्ड वितरण भएका छन् भने ५०१ दलित र जनजाति परिचयपत्र जारी भएको छ । कार्यालयका अनुसार १२ हजार ३७ राहदानीको आवेदन दर्ता भएकामा ११ हजार ५८२ कार्ड वितरण भएको छ भने सोही अवधिमा ५५७ नाबालक परिचयपत्र जारी भएको छ ।

त्यसैगरी, कार्यालयमा दर्ता १०२ मुद्दामध्ये ६७ वटा फछ्र्यौट भएको छ भने २११ ठाडो उजुरी दर्तामा २०१ वटा फछ्र्यौट भइसकेको जनाइएको छ । कार्यालयमा यस वर्ष १९ वटा नयाँ सङ्घसंस्था दर्ता भएका छन्, १९४ वटा नवीकरण भएका छन् । पाँचवटा हातहतियार नवीकरण भएको कार्यालयले जनाएको छ ।

कार्यालयले यही अवधिमा सहिद परिवार, द्वन्द्वपीडित परिवार र वैदेशिक रोजगारपीडित परिवारलाई रु. एक करोड २१ लाख ३५ हजार ९८१ तथा विपद्मा परेकाका लागि रु. २२ लाख ७५ हजार राहत वितरण गरेको छ । यस्तै कार्यालयले हालसम्म कुल रु. छ करोड ५० लाख ६८ हजार ५२९ राजस्व सङ्कलन गरेको छ भने चालु खर्च रु. दुई करोड ६३ लाख १५ हजार ४६६, पुँजीगत खर्च रु. १० लाख ७४ हजार ११६ र विविध खर्च रु. पाँच करोड २९ लाख ७० हजार २४९ भएको जनाएको छ । धरौटी विवरणबाट आम्दानी रु. तीन करोड ५२ लाख ४७ हजार ७३३ प्राप्त भएको छ भने धरौटी फिर्ताबापत रु. ३४ लाख नौ हजार ३९२ दिइएको छ । यही अवधिमा ३४५ पटक विशिष्ट व्यक्तिको भ्रमण भएको जनाइएको छ ।

कार्यप्रगतिबारे प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले कार्यालयबाट हुने सेवाप्रवाहलाई छिटोछरितो र सहज बनाउन थप प्रयास भइरहेको बताउनुभयो । "शान्ति-सुरक्षा र सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौँ, यसलाई थप चुस्त बनाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो । ***(रासस)***

**। सम्पादकीय ।**

# गोरखापत्र नेपाली जनताको साझा पत्रिका हुनुपर्छ

गोरखापत्र नेपाली जनताको मुख्य र साझा पत्रिका हो। यस पत्रिका देश र जनताको ढुकढुकी या स्वरबाट सिञ्चित हुनुपर्छ। यो सरकारी पत्रिका हो। सरकार नेपाली जनताको हो। पत्रिकामा देश र जनता, सबै राजनीतिक दलको विचार र सरकारको निर्णय समेटिनुपर्छ। सरकारको नेतृत्व बहुमतको आधारमा कुनै दलले शासन गर्छ। गोरखापत्र कुनै एक राजनीतिक दलको पत्रिका होइन; कुनै एक राजनीतिक दलको मुखपत्र बनाउनु हुँदैन। यो पत्रिकामा सरकारी निर्णय र गतिविधि छाप्नु या प्रचार गर्ने साधन बनाउनु अन्यथा होइन। तर, ठुलो दल या सत्तारूढ दलको नाउँमा पत्रिकालाई एउटा पार्टीको प्रचार गर्ने साधन बनाउनु उचित होइन। यो प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत छ। असार ३ गतेको गोरखापत्रमा 'रास्वपा प्रथम महाधिवेशन : देशव्यापी सङ्गठन विस्तार' र ५ गतेको गोरखापत्रमा 'रास्वपाको महाधिवेशन तयारी तीव्र' शीर्षकका समाचारहरू अघिल्लो पृष्ठमा महत्त्व दिएर छापिए।

गोरखापत्रले राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह या समापन समारोहको समाचार छापिएको भए अन्यथा हुँदैन। तर, महाधिवेशनको तयारी र सङ्गठन विस्तारको समाचार छापेर सरकारी पत्रिकालाई रास्वपाले प्रचार गर्ने माध्यम बनायो। मञ्चको तयारी र महाधिवेशनको निम्ति विभिन्न समिति, उपसमिति गठन भएको समाचार पनि छापियो। गोरखापत्रले प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा वडा, पालिका, जिल्ला तथा प्रदेश तहमा भएको नेतृत्व चयन आदिको समाचारलाई महत्त्व दिएर छाप्यो। एउटा सत्तारूढ पार्टीको साङ्गठनिक संरचना, अधिवेशनको तयारीलगायत गतिविधि छापिने हो भने अरू पार्टीको पनि छाप्नुपर्छ; अरू पार्टीको महाधिवेशन, सम्मेलन, भक्तपुरदेखि काठमाडौँसम्म भएको जुलुस र सभाको समाचार नछाप्ने गोरखापत्रले सत्तारूढ दलको सङ्गठन विस्तारको समाचार छापेर सरकारले पक्षपात गर्नुहुँदैनथ्यो। देशको भूमि मिचेको विरोधमा जुलुस गर्दा सरकार दमन गर्छ। देशघाती र जनविरोधी असमान सन्धि-सम्झौताको विरोध गर्दा सरकार प्रतिकार गर्छ। अमेरिकालगायतका साम्राज्यवादी देशको आक्रमणको विरूद्ध प्रदर्शन गर्दा सरकार जेलनेल ठोक्छ। देश र जनताको विषयमा आन्दोलन गर्दा सरकारले साथ दिनुपर्ने हो; समर्थन गर्नुपर्ने हो।

गोरखापत्रले देश र जनताको आवश्यकताबारे लेख र विचार लेख्नुपर्ने हो। गोरखापत्र रास्वपाको पत्रिका होइन। पत्रिकाले सरकारको गतिविधि र निर्णय छापेर जनतालाई सुसूचित पार्न सक्छ। गोरखापत्रलाई जनताको साझा पत्रिका बनाइनुपर्छ। ठुला राजनीतिक दलको गतिविधि छापेर साना दलको गतिविधि नछाप्नु के विभेद होइन ? लोकतन्त्र भनेको एक दलको तन्त्र होइन। गणतन्त्र भनेको कुनै एक दलको मनपरी होइन। यसबारे गोरखापत्रका सम्पादकमण्डल र संवाददाताहरूले सोचविचार गर्नुपर्छ। सत्ता आफ्नो हातमा छ भनेर या बहुमतको नाउँमा मनपरी गर्न पाइँदैन; मनपरी गर्नु लोकतन्त्र होइन।

विगतमा पनि विशेषत: सत्तारूढ दलको सङ्गठन प्रचार गर्ने साधनको रूपमा गोरखापत्रलाई उपयोग गरिएको थियो। सरकारी पत्रिकाले त कुन कुन गाउँ-ठाउँमा बिजुली पुगेको छैन; कुन कुन बस्तीमा स्वास्थ्य केन्द्र, खानेपानी, सिँचाइ, बाटोघाटो, स्कूल-कलेज पुगेको छैन, त्यसबारे सचेतनामूलक लेख या विचार लेखेर जनतालाई सुसूचित पार्नुपर्छ। काम मामको व्यवस्थाको निम्ति कुन कुन जिल्ला, नगर र गाउँमा के कस्ता उद्योग कारखाना खोलेर जनताका आधारभूत आवश्यकता पूर्ति गर्न सकिन्छ ? देशलाई साक्षर नेपाल बनाउन सरकारले शिक्षा क्षेत्रमा के-कस्ता अभियान छेड्नुपर्छ भन्नेबारे लेख, विचार लेख्नुपर्छ। महँगी नियन्त्रण, भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती अन्त्य गर्नेतर्फ विभिन्न विचारोत्तेजक लेख लेखेर सरकारको ध्यानाकर्षण गर्ने, जनतालाई देशभक्त र जागरूक बनाउनेतर्फ गोरखापत्र परिवारको ध्यान पुग्नुपर्छ। गोरखापत्रले एउटा पार्टीको बखान गर्ने होइन। यसतर्फ सरकार र गोरखापत्र परिवारको ध्यान पुगोस्।

# नेपालको राजनीतिमा युवाहरूको भूमिका

✍ **विवेक**

हरेक व्यक्तिको जीवनमा युवा उमेर एक महत्त्वपूर्ण हिस्सा बनेको हुन्छ। नेपालको युवा नीतिअनुसार १८ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनिन्छ। यसअघि भने १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्थ्यो। त्यो देशको कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत थियो। यति धेरै जनसङ्ख्या भएका युवाहरूलाई सही मार्ग निर्देश गरेर युवा शक्तिलाई देश विकासमा लगाउन सकेको भए नेपालको विकास धेरै टाढा हुने थिएन। तर, शासक दलहरूले युवाहरूलाई देशभक्ति भावना, समाज सेवा र अनुशासनको पाठ सिकाउनुको सट्टा जसरी पनि फाइदा लुट्ने स्वार्थी हुन सिकाए। परिणाम युवाहरू जनताको निम्ति समर्पित भएर काम गर्नेभन्दा ठगी, चोरी वा अनेक गलत काम गरेर सम्पत्ति थुपार्ने गलत बाटोमा लागे र देश यो अवस्थामा पुग्यो। यसर्थ, देश आजको अवस्थामा पुग्नमा अरू होइन हाम्रा शासक दलहरू नै जिम्मेवार छन्।

राजनीतिक रूपले शिक्षित, परिवर्तनको भावना, जोश र जाँगर भएका आजका युवाहरू नै देशका भविष्य हुन्। देशको भविष्य कस्तो हुन्छ, आजका युवाहरूले देखाइरहेका हुन्छन्। युवाहरूमा अनुशासित, मिहिनेती र देशभक्तिको भावना भए नेपालीहरूले भविष्यको सुन्दर नेपालको तस्बिर देख्न पाउने छन्। त्यसैका लागि राजनैतिक दलहरूले युवाहरूलाई महत्त्व दिएर विभिन्न सङ्घ सङ्गठनमा आबद्ध गरेर पार्टीको नीति, सिद्धान्त र अनुशासनबारे तालिम दिएका हुन्छन्। युवाहरूको नेतृत्वमा हुने महँगीविरुद्धको आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवादविरोधी आन्दोलन युवाहरूलाई दिएका तालिम र प्रशिक्षणहरू नै हुन्। त्यस्ता आन्दोलन र सङ्घर्षमा हुर्केका युवाहरूले नै समाज बुझ्छन् र समाजको नेतृत्व गर्न सक्छन्।

युवा उमेरमै अध्यक्ष रोहितले नेपाल मजदुर किसान पार्टी स्थापना र त्यसको नेतृत्व सम्हाल्नुभयो। निरन्तर अहिलेसम्म पार्टीको नेतृत्व सम्हाली राख्नुभएको छ। त्यसो त मोहनचन्द्र अधिकारी, सीपी मैनाली, भरतमोहन अधिकारीहरू माले (झापाली) को नेतृत्वमा पुग्दा पनि उमेरमा युवा नै थिए। २००७ साल, २०३६ साल र २०४६ सालका आन्दोलनहरू पनि तत्कालीन युवा नेताहरूले नै गरेका थिए। निरङ्कुश राजतन्त्रको अन्त्यमात्र होइन देशमा गणतन्त्र स्थापना भयो। यसरी चरणबद्ध रूपमा भएका राजनीतिक आन्दोलन र परिवर्तनमा राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका थियो।

त्यतिबेला राजनीति भनेको देश र जनताको सेवामा समर्पित कार्य मानिथ्यो। प्रजातन्त्र स्थापनाको अगाडि ज्यान केही थिएन। जेलनेल, प्रवास, भूमिगत जीवन र प्रहरी हिरासत ती राजनीतिक नेता कार्यकर्ताहरूको निम्ति दालभात बराबर थियो। जनताको उज्ज्वल भविष्यको निम्ति हजारौँ हजार युवाहरूले निरङ्कुशताविरुद्ध आफ्नो जीवन समर्पण गरे। कतिले उमेरमा विवाह गर्न पाएनन्। कतिको परिवार क्षतविक्षत भयो। देश, जनता र प्रजातन्त्रको सामु ती सबै गौण थिए। राजनीतिक विचारले प्रेरित युवाहरू परिवर्तनको निम्ति हाँसी हाँसी आफूलाई बलिदान दिन पनि तयार भए। गङ्गालाल, धर्मभक्त, शुक्रराज शास्त्र, दशरथ चन्दहरू प्रजातन्त्रका निम्ति फाँसीमा चढ्न तयार भए। त्यसले राणाशासनविरुद्ध लड्नेहरूलाई ऊर्जा दियो। के ती सहिदहरूको परिवार र सम्पत्ति थिएन ?

सन्दर्भ, भदौ २३ र २४ गते घटेको अप्रत्यासित घटनालाई हेरौँ ! युवाहरूले नेतृत्व गरिएको भनिए पनि त्यस घटनामा टीओबी (तिब्बती शुद्ध रगत), अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसनजस्ता अमेरिकी डलरबाट सञ्चालित थुप्रै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन (आइएनजीओ) लगायत गैरसरकारी सङ्गठनहरू (एनजीओ) हरूले नेतृत्व गरेको देखियो। दुई दिनमा देशको धरोहर सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, जिल्ला प्रशासन कार्यालयलगायत सयौँ सरकारी कार्यालय र नेताहरूको घर जलाउनु सामान्य तयारीले पुग्दैनथ्यो। त्यसमा अन्तर्राष्ट्रिय स्तरकै तयारी हुनुपर्छ भनेर धेरैले अनुमान गरेका थिए। त्यो क्रमश: प्रस्ट हुँदै छ।

तत्कालीन प्रधानमन्त्री केपी ओली हेलिकप्टर चढेर नभागेको भए ज्यान जोगाउन मुस्किल थियो। शेरबहादुर देउवा दम्पत्ति आफ्नै निवासमा नराम्ररी कुटिए। त्यहीबिच संसद् विघटन, संविधानविपरीत सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन र नयाँ चुनावको परिस्थिति निर्माण भयो। देश विदेशीहरूको ग्रायन्ड डिजाइनमा फस्यो। त्यसबाट मुक्त हुन अब सजिलो हुनेछैन। देशले यसको कति मूल्य चुकाउनुपर्छ। त्यसको अहिले नै अनुमान गर्न सहज छैन।

४८ घण्टाभित्र भएको त्यो घटना एउटा चलचित्रझैँ लाग्छ। आजभन्दा झण्डै १० महिना अघि घटेको त्यो घटना जेनजी युवाहरूले गरेको भनियो। त्यसको नेतृत्वकर्ताहरू विदेशी निर्देशनमा चल्ने भन्ने प्रस्ट भयो। सेनाका परमाधिपति राष्ट्रपति निवास जलाउँदा सेनाले केही गरेनन्, सिंहदरबार जल्दा सुरक्षाका लागि खटिएका सेनाहरू मौन बसे, सर्वोच्च अदालत र संसद् भवन आगजनी हुँदा सेनाको उपस्थितिसम्म देखिएन। त्यसैले सेनामाथि पनि आरोप लाग्यो। अझ तीन दिन जलिरहँदा पनि आगो निभाउने कोसिससम्म गरिएन। के यस्ता देश खरानी बनाउने घटना देशप्रति अलिकतिमात्र भए पनि माया भएका युवाहरूले गर्न सक्थे ? युवाहरूको काँधमा बन्दुक राखेर उनीहरूले विदेशीको इसारामा देश खरानी बनाए। नेपालको अस्तित्व समाप्त पार्न यो योजनाबद्ध घटाइएको घटना प्रस्ट भयो।

फागुन २१ गतेको निर्वाचनपछि ती घटनाहरूको पर्दा च्याटचुट भयो। राजनीतिको तालिम लिनुपर्ने, राजनीतिसँग कुनै मतलब नराख्ने, देश र जनताबारे चासोसम्म नराख्ने, विभिन्न गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका सञ्चालकहरू सांसद र मन्त्री बने। संसद्मा उपस्थितिसमेत नहुने, फेसबुकमा लेखेको भरमा देश सञ्चालन गर्ने प्रधानमन्त्री बनेका छन्। युवाको नेतृत्वमा भनिएको सरकारबाट देशको सार्वभौमिकता खतरामा परेको छ। संविधान, ऐन, नियमावली र परम्परा सबैलाई अस्वीकार गर्दै निरङ्कुश शैलीमा सरकार अघि बढिरहेको छ। परम्परागतभन्दा निर्वाचित निरङ्कुशता झन् खतरनाक हुन्छ भन्ने प्रमाणित हुँदै छ।

प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा बोलेको एउटा अभिव्यक्तिले नेपालमा मात्र होइन, भारतमा पनि अति नै चर्चा पाएको छ। उनले भनेका थिए, "भारतले मात्र होइन, नेपालले पनि धेरै ठाउँमा भारतको सीमा मिचेको छ।" त्यो पनि प्रधानमन्त्री भएपछि मात्र थाहा पाएको रे। प्रधानमन्त्रीको त्यो अपरिपक्व र गैरजिम्मेवार अभिव्यक्तिले नेपालको सार्वभौमितामा ठुलो आँच पुगेको छ। भारत सरकारले आजसम्म दाबी नगरेको कुरा नेपालका प्रधानमन्त्रीले बोले। प्रधानमन्त्रीजस्तो जिम्मेवार व्यक्तिले देशको विरुद्ध बोल्दासमेत कुनै एउटा ठुलो जुलुस र सभा नहुनु भने आश्चर्यको विषय हो। यदि त्यो कुरा केपी ओली, प्रचण्ड वा देउवाले बोलेका भए के सडकमा आगो बल्दैनथ्यो होला ? नेका, एमाले र माओवादीका युवा सङ्गठनहरूका नेतृत्वहरूलाई एनजीओ र आईएनजीओहरूले भुत्ते बनाइसकेको कुरा पछिल्लो समयमा प्रस्ट भयो।

प्रधानमन्त्रीको अभिव्यक्तिपछि सुस्तामा नेपाली भूभाग सुरक्षाको लागि बनाइरहेको तटबन्ध निर्माण कार्य भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले बन्द गरायो। प्रधानमन्त्रीको त्यो अभिव्यक्ति भारतलाई नेपालको सीमा मिच्न र थिचोमिचो गर्न खुला आमन्त्रण हो भने भारतलाई नेपालको सिमाना मिचेकोलाई वैधता प्रदान गर्नु पनि हो। भारतले सुगौली सन्धिपछि कोरिएको सीमामध्ये पनि पटक-पटक गरी ७० भन्दा बढी ठाउँमा गरी ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि मिचेको सार्वजनिक भइसकेको छ। रगतले कोरिएको सीमा मिच्दा पनि सरकार पक्षीय सांसदहरू मौन मात्र बसेनन् प्रमको अभिव्यक्तिको समर्थनमा टेबुल ठटाए; देशविरुद्ध प्रमाण खोज्दै हिँडेका छन्। यसलाई विडम्बना नभनी के भन्ने ?

सबै दलहरू मिलेर कालापानी, लिपुलेक र लिम्पियाधुरासहितका नक्सा संसद्बाट पारित गरियो। त्यो भारतको लागि असह्य थियो। त्यो भूमिमाथिको कब्जामा निरन्तरता मात्रै होइन, आफ्नै वैधता खोज्दै थियो। प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिले त्यसलाई मलजल दिने काम भयो।

युवा हुँदैमा सब ठीकठाक हुन्छ भन्ने भाष्य गलत साबित हुँदै छ। हिजोका सरकारहरूले देश र जनताको हितमा काम गर्न नसकेकै कारण आजको परिस्थिति निर्माण भएको हो। यो रास्वपाको परीक्षणकाल हो। एकपटक चुनाव जित्दैमा त्यो स्थायी हुने होइन। सिद्धान्त र विचारमा प्रतिबद्ध नभएको पार्टीले देशलाई कतै भारतकै अङ्ग बनाउने त होइन भन्ने सर्वत्र चिन्ता छ।

कुनै बेला सिक्किमका लेण्डुप दोर्जे पनि जनताको अत्यधिक बहुमतले निर्वाचित प्रधानमन्त्री थिए। उनले सन् १९७५ मा सिक्किमलाई भारतमा गाभे। उनी विश्वमै देशघाती प्रधानमन्त्री भनी नकारात्मक उदाहरण बनेका छन्। भारत नेपाललाई सके सिक्किम बनाउने नभए भुटान भए पनि बनाउने योजनाअनुसार काम गर्दै छ। प्रधानमन्त्री बालेन्द्र साह भारतको त्यो इच्छा पूरा गर्ने गोटी त बन्ने होइन ? शङ्का गर्ने धेरै ठाउँ छ। नेपालीहरूको भावना छ, प्रधानमन्त्री साहले जनतासामु माफी मागेर आफ्नो अभिव्यक्ति सच्याउनुपर्छ। नत्र इतिहासले माफी दिने छैन।

**राजनीतिक रूपले शिक्षित, परिवर्तनको भावना, जोश र जाँगर भएका आजका युवाहरू नै देशका भविष्य हुन्। देशको भविष्य कस्तो हुन्छ, आजका युवाहरूले देखाइरहेका हुन्छन्। युवाहरूमा अनुशासित, मिहिनेती र देशभक्तिको भावना भए नेपालीहरूले भविष्यको सुन्दर नेपालको तस्विर देख्न पाउने छन्। त्यसैका लागि राजनैतिक दलहरूले युवाहरूलाई महत्त्व दिएर विभिन्न सङ्घ सङ्गठनमा आबद्ध गरेर पार्टीको नीति, सिद्धान्त र अनुशासनबारे तालिम दिएका हुन्छन्। युवाहरूको नेतृत्वमा हुने महँगीविरुद्धको आन्दोलन, भ्रष्टाचार विरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवाद विरोधी आन्दोलन युवाहरूलाई दिएका तालिम र प्रशिक्षणहरू नै हुन्। त्यस्ता आन्दोलन र सङ्घर्षमा हुर्केका युवाहरूले नै समाज बुझ्छन् र समाजको नेतृत्व गर्न**

**कुनै बेला सिक्किमका लेण्डुप दोर्जे पनि जनताको अत्यधिक बहुमतले निर्वाचित प्रधानमन्त्री थिए। उनले सन् १९७५ मा सिक्किमलाई भारतमा गाभे। उनी विश्वमै देशघाती प्रधानमन्त्री भनी नकारात्मक उदाहरण बनेका छन्। भारत नेपाललाई सके सिक्किम बनाउने नभए भुटान भए पनि बनाउने योजनाअनुसार काम गर्दै छ। प्रधानमन्त्री बालेन्द्र साह भारतको त्यो इच्छा पूरा गर्ने गोटी त बन्ने होइन ? शङ्का गर्ने धेरै ठाउँ छ। नेपालीहरूको भावना छ, प्रधानमन्त्री साहले जनतासामु माफी मागेर आफ्नो अभिव्यक्ति सच्याउनुपर्छ। नत्र इतिहासले माफी दिने छैन।**

# पढाइको राजनीति - १

✍ ए. जे. हर्न


पढ्ने कार्य भनेको आफ्ना आँखाले पाठलाई पछ्याउनु वा (तपाईं अडियोबुक मन पराउनुहुन्छ भने) आफ्ना कानले सुन्नुभन्दा धेरै माथिको कुरा हो । सही तरिकाले गर्ने हो भने, पढ्नु भनेको लेखक (हरू) सँगको बौद्धिक अन्तरक्रियामार्फत अझ राम्रो बुझाइमा पुग्ने एउटा कला हो । प्रारम्भिक स्तरभन्दा माथि उठेर पढ्नुको अर्थ के हो भनी बुझ्न महत्त्वपूर्ण छ, किनकि शैक्षिक संस्था बाहिर रहेर आफ्नै बलमा नयाँ कुराहरू सिक्ने योजना बनाउने जोकोहीले पनि पढेर नै अन्तर्दृष्टि प्राप्त गर्नुपर्ने हुन्छ । एआई वा अन्य सङ्क्षिप्त पाटाहरूमा मात्र भर पर्नु पर्याप्त हुँदैन । कोही सतही जानकारी बाहेक अरू केही, अर्थात् वास्तविक अन्तर्दृष्टि प्राप्त गर्न चाहन्छ भने, उसले सही तरिकाले पढ्ने परिश्रम गर्नैपर्छ ।

पढ्ने विषयमा धेरै पुस्तकहरू लेखिएका छन्, जसमा धेरैजसो द्रुत गतिको पढाइसँग सम्बन्धित छन् । तर, सम्भवत: मोर्टिमर जे. एडलरको 'हाउ टु रिड अ बुक' (How to Read a Book) जत्तिको समयको कसीमा खरो उत्रिएको अर्को कुनै पुस्तक छैन । यो अवस्था किन आयो भनी बुझ्न गाह्रो छैन, किनकि एडलरले एउटा बलियो तर्क प्रस्तुत गरेका छन् - राम्रोसँग पढ्नुको अर्थ लेखकको दृष्टिकोण बुझ्नु हो : उनीहरूले के लेखे र किन लेखे । यो वास्तवमै संसार परिवर्तन गर्ने खालको कुनै अवधारणा होइन र यो पक्कै पनि



ए.जे. हर्न

पढ्नु भनेको पाठक र इतिहास बीचको, पाठक र समाज बीचको, अनि पाठक र ती अनगिन्ती शक्तिहरू बीचको संवाद हो जसले पाठ र स्वयं पाठक दुवैलाई आकार दिएका छन्। प्रत्येक पाठ एक विशिष्ट संसारको उत्पादन हो, र पढ्ने प्रत्येक कार्य त्यो संसारलाई अझ राम्रोसँग बुझ्ने एउटा अवसर हो।



एडलरको मस्तिष्कबाट उब्जिएको कुनै मौलिक विचार पनि थिएन । तर, उनले के बुझेका थिए भने इतिहासभरिका महानतम विचारकहरूले यसरी नै पढ्दै आएका थिए, जुन तरिका कम्तीमा संयुक्त राज्य अमेरिकाका विद्यालयहरूले कहिल्यै सिकाएका थिएनन् ।

एडलरले के बुझ्न असफल भए भने अमेरिकी शिक्षाका सीमाहरू आकस्मिक होइनन् । यी सीमाहरू विद्यालयहरूले पूरा गर्ने अपेक्षा गरिएका सामाजिक कार्यहरूबाटै उत्पन्न हुन्छन् । यसले सावधानीपूर्वक निर्माण गरिएको विश्वदृष्टिकोणमा फिट हुनका लागि वास्तविकतालाई धमिलो पार्ने एउटा वैचारिक उद्देश्य पूरा गर्दछ । त्यसमा देशको इतिहासको वरिपरि एउटा यस्तो भ्रमपूर्ण कथा बुनिन्छ, जसले संयुक्त राज्य अमेरिकालाई तल्लो स्तरका देशहरूको गोलार्धमा न्यायोचित रूपमा प्रभुत्व जमाउने एक असाधारण राष्ट्रका रूपमा प्रस्तुत गर्दछ । निरक्षरता एउटा सङ्कट हो, तर यो एउटा यस्तो प्रणालीगत सङ्कट हो जुन प्रणाली र राज्य दुवैलाई आफ्नो अस्तित्व कायम राख्न आवश्यक पर्छ, जसले (केही गर्छ भने) सही तरिकाले पढ्नुको अर्थ के हो र कसैले प्राप्त गर्न सक्ने जति बढी सीपका साथ कसरी पढ्ने भन्ने कुरा बुझ्नुको महत्त्वलाई झन् बढाउँछ ।

शिक्षा र विद्यालय सञ्चालन सधैं राजनीतिक हुन्छन् । जब कुनै शिक्षा बोर्ड वा राज्य वा सङ्घीय व्यवस्थापिकाले सार्वजनिक विद्यालयको पाठ्यक्रम निर्धारण गर्छ, त्यो राजनीतिक हुन्छ, किनभने कानुन निर्माताहरू निर्वाचित हुन्छन् र शिक्षा बोर्डका सदस्यहरू कि त निर्वाचित हुन्छन् वा निर्वाचित अधिकारीहरूद्वारा नियुक्त हुन्छन् । आफ्नै पाठ्यक्रम तय गर्ने निजी विद्यालय र एकेडेमीहरू आफैंमा साना राज्यहरू हुन्, जसले आफ्ना विद्यार्थीहरूमा ती दर्शन, विश्वदृष्टिकोण र विचारधाराहरू भर्ने काम गर्छन्, जुन विद्यालय र विद्यालयको नेतृत्वका लागि आधारभूत हुन्छन् । कुन साहित्यलाई अनिवार्य गर्ने, कुनलाई हटाउने र शिक्षकहरूलाई के पढाउन प्रतिबन्ध लगाउने वा निषेध गर्ने भन्ने छनोट संस्थाहरूले नै गर्छन् ।

यसको अर्थ विद्यालयहरूले आफ्ना विद्यार्थीहरूलाई पढ्न वा आलोचनात्मक रूपमा सोच्न सिकाउँदैनन् भन्ने तर्क गर्न खोजिएको होइन, तर तिनीहरूले विद्यार्थीहरूलाई एउटा निश्चित स्तरसम्म मात्र पढ्न सिकाउँछन् र तिनीहरूलाई विशिष्ट चीजहरूको बारेमा मात्र आलोचनात्मक रूपमा (जसको गलत अर्थ अक्सर 'नकारात्मक रूपमा' भन्ने लाग्छ) सोच्न निर्देशित गर्छन् । विद्यार्थीहरूलाई निश्चित अवधारणाहरू, मानिसहरू, देशहरू, विचारहरू आदिप्रति आक्रामक हुन सिकाइन्छ, तर आफ्नै विवेकले आलोचनात्मक अनुसन्धानकर्ता बन्न सिकाइँदैन ।

यो किन महत्त्वपूर्ण छ भनी बुझ्नका लागि, हामीले साक्षरता र आलोचनात्मक साक्षरता बिचको भिन्नता छुट्याउन आवश्यक छ । एक साक्षर व्यक्तिले शब्दहरूको अर्थ खोल्न, आधारभूत तर्कहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्न र आफ्ना दैनिक कार्यहरू पूरा गर्न पर्याप्त निपुणताका साथ सूचनाहरू दोहोऱ्याउन सक्छ । एक आलोचनात्मक रूपमा साक्षर व्यक्तिले भने अनुमानहरू पहिचान गर्न, प्रमाणहरूको मूल्याङ्कन गर्न, बहुविधागत व्याख्याहरूको तुलना गर्न र पाठले के कुरा व्यक्त नगरी छोडेको छ भनी चिन्न सक्छ । यो सूचना उपभोग गर्नु र त्यसको अनुसन्धान गर्नु बिचको भिन्नता हो ।

धेरैजसो विद्यार्थीहरूलाई इतिहास कसरी सिकाइन्छ भन्ने कुरालाई विचार गर्नुहोस् । तिनीहरूबाट नाम, मिति, घटनाहरू र कहिलेकाहीँ आपसमा बाझिने व्याख्याहरू सिक्ने अपेक्षा गरिन्छ । तर, ऐतिहासिक ज्ञानको उत्पादनकै बारेमा गहिरा प्रश्नहरू सोध्न तिनीहरूलाई विरलै प्रोत्साहित गरिन्छ । किन केही घटनाहरूले पूराका पूरा अध्यायहरू ओगट्छन्, जबकि अन्य घटनाहरूले एउटा अनुच्छेद मात्र पाउँछन् ? किन केही पात्रहरूलाई नायकका रूपमा सम्झिइन्छ र अरूलाई बिर्सिन्छ ? किन निश्चित स्पष्टीकरणहरूलाई स्वत: स्पष्ट रूपमा प्रस्तुत गरिन्छ जबकि वैकल्पिक स्पष्टीकरणहरूलाई पूर्ण रूपमा बहिष्कृत गरिन्छ ?

यही ढाँचा इतिहासको शिक्षण बाहिर पनि देखापर्दछ । अर्थशास्त्रमा, विद्यार्थीहरूलाई शक्तिका सिद्धान्तहरू सिकाउनु अघि अक्सर बजारका बारेमा सिकाइन्छ । राजनीति शास्त्रमा, तिनीहरूले ती संस्थाहरूको आलोचना सिक्नु अघि संस्थाहरूको बारेमा सिक्छन् । साहित्यमा, तिनीहरूले पाठभित्रै समाहित सामाजिक अनुमानहरूमाथि प्रश्न उठाउन सिक्नुभन्दा धेरै पहिले नै विषयवस्तु र प्रतीकहरू पहिचान गर्न सिक्छन् ।

पढ्नका लागि सक्रिय संलग्नता आवश्यक पर्छ र पाठकले लेखकका सर्त, तर्क, अनुमान र निष्कर्षहरूलाई निष्पक्ष र सही रूपमा मूल्याङ्कन गर्नु अघि तिनलाई पहिचान गर्नुपर्छ भन्ने कुरा एडलरले अरू धेरैले भन्दा राम्रोसँग बुझेका थिए । तैपनि, एडलरले साहित्यलाई धेरै हदसम्म यसरी व्यवहार गर्छन् मानौं यो पाठक र लेखकबिचको विचारहरूको एक महान् संवादभित्र अवस्थित छ, जहाँ प्राथमिक कार्य प्रत्येक सहभागीले के भन्न खोजिरहेको छ भनी बुझ्नु मात्र हो । यो गलत त होइन तर पढ्नुको उद्देश्य लेखकले के भनिरहेको छ भन्ने कुराका साथसाथै लेखकले त्यो किन लेख्यो भन्ने पनि बुझ्नु हो भने अपर्याप्त छ ।

विचारहरू कतै शून्यबाट आउँदैनन् र पुस्तकहरू केवल मस्तिष्कहरूबिचका संवाद मात्र होइनन् । पुस्तकहरू विशिष्ट सामाजिक परिस्थितिहरूमा, विशिष्ट मानिसहरूद्वारा लेखिएका विशिष्ट समाजका उत्पादन हुन् । कुनै पाठलाई पूर्ण रूपमा बुझ्नका लागि लेखकको तर्क बुझ्नुभन्दा बढी कुराको आवश्यकता पर्दछ । यसका लागि पहिलो कुरा त त्यो तर्क किन उत्पन्न भयो भन्ने कुरा बुझ्न आवश्यक हुन्छ ।

यो एन्टोनियो ग्राम्सीको महान् अन्तर्दृष्टिहरू मध्ये एक थियो : शासकवर्गले आफ्नो स्थान केवल बलको माध्यमबाट मात्र कायम राख्दैन । यसले ग्राम्सीले 'सांस्कृतिक हेजिमोनी' (सांस्कृतिक आधिपत्य) भनेको कुरामार्फत शासन गर्दछ, जुन एउटा यस्तो प्रक्रिया हो, जसद्वारा कुनै एक विशिष्ट विश्वदृष्टिकोणलाई साझा समझ (सामान्य ज्ञान) को रूपमा स्वीकार गरिन्छ । प्रभुत्वका सबैभन्दा प्रभावकारी रूपहरू ती हुन् जुन पूर्ण रूपमा प्रभुत्वका रूपमा देखिन नै छोड्छन् । तिनीहरू प्राकृतिक, स्वत:स्पष्ट र प्रश्नरहित बन्छन् । तिनीहरू ती पृष्ठभूमिगत अनुमानहरू बन्छन् जसको माध्यमबाट मानिसहरूले आफूलाई र आफ्नो वरपरको संसारलाई बुझ्दछन् ।

विद्यालयहरू ती सबैभन्दा महत्त्वपूर्ण संस्थाहरूमध्ये पर्छन् जसको माध्यमबाट यो प्रक्रिया घटित हुन्छ । विद्यार्थीहरूले स्पष्ट राजनीतिक तर्कहरूको सामना गर्नुभन्दा धेरै पहिले नै उनीहरूलाई संसारलाई हेर्ने तरिकाहरू सिकाइन्छ । निश्चित ऐतिहासिक भाष्यहरूलाई जोड दिइन्छ जबकि अन्यलाई बेवास्ता गरिन्छ । निश्चित प्रश्नहरूलाई प्रोत्साहित गरिन्छ भने अन्य प्रश्नहरूलाई अनुपयुक्त, अवास्तविक वा उग्रवादी (कट्टरपन्थी) मानिन्छ । विद्यार्थीहरूले तथ्यका साथै ढाँचाहरू पनि सिक्छन् । उनीहरूलाई कुन स्पष्टीकरणहरू 'वैध' हुन् र कुन स्पष्टीकरणहरूलाई गम्भीरतापूर्वक विचार नगरी खारेज गर्न सकिन्छ भन्ने कुरा सिकाइन्छ ।

त्यसैले, हामीले पढ्नुलाई केवल लेखकका विचारहरूसँगको जम्काभेटको रूपमा मात्र बुझ्नु हुँदैन । पढ्नु भनेको विचार र तर्कहरूसँगको जम्काभेट त हो नै, तर यो ती सामाजिक शक्तिहरू र सामान्य परिस्थितिहरूसँगको जम्काभेट पनि हो, जसले ती विचार र तर्कहरू उत्पादन गर्न मद्दत गरे । प्रत्येक पाठले मानव स्वभाव, समाज, नैतिकता, राजनीति र इतिहासका बारेमा आफ्ना अनुमानहरू बोकेको हुन्छ । अक्सर के हुन्छ भने यी अनुमानहरू यति गहिरोसँग समाहित भएका हुन्छन् कि न त लेखकले न त पाठकले नै तिनलाई याद गर्छन् । आलोचनात्मक पढाइको काम भनेको त्यही अदृश्यलाई दृश्यमान बनाउनु हो ।

यस्तै अन्तर्दृष्टि मिसेल फुकोको काममा पनि देखा पर्दछ । आर्थिक शक्ति वा राज्यको जबरजस्तीमा मात्र केन्द्रित हुनुको सट्टा, फुकोले संस्थाहरूले मानिसहरूले आफ्नो बारेमा कसरी सोच्छन् भन्ने कुरालाई कसरी आकार दिन्छन् र आफ्नै व्यवहारलाई कसरी नियन्त्रण गर्छन् भन्ने तरिकाहरूको परीक्षण गरे । उनको 'बायोपोलिटिक्स' (जैवराजनीति) को अवधारणाले ज्ञान, विशेषज्ञता र प्रशासनको प्रणाली मार्फत जनसङ्ख्याको व्यवस्थापनलाई वर्णन गर्दछ । विद्यालय, अस्पताल, कारागार, कार्यस्थल र सरकारी निकायहरूले समाजलाई व्यवस्थित गर्ने मात्र गर्दैनन्, तिनीहरूले विशिष्ट प्रकारका मानिसहरू उत्पादन गर्नमा एक प्रभावशाली भूमिका खेल्छन् ।

पात्र वा नागरिकहरूको यो उत्पादन अनगिन्ती सामान्य अभ्यासहरूमार्फत हुन्छ । विद्यार्थीहरू तालिका पछ्याउन, समयसीमा भित्र काम पूरा गर्न, अधिकारीहरूको आज्ञा पालन गर्न, आफ्ना साथीहरूसँग प्रतिस्पर्धा गर्न र बाह्य रूपमा लादिएका मापदण्डहरू अनुसार आफ्नो मूल्याङ्कन गर्न सिक्छन् । यीमध्ये कुनै पनि अभ्यास आफैंमा दुराशयपूर्ण हुनैपर्छ भन्ने छैन । मुख्य कुरा के हो भने तिनीहरू कहिल्यै पनि तटस्थ हुँदैनन् । प्रत्येक संस्थाले बानी, अपेक्षा र मानदण्डहरू सिर्जना गर्दछ । प्रत्येक शैक्षिक प्रणालीले एक विशिष्ट प्रकारको नागरिकको विकास गर्दछ ।

पढाइको हकमा पनि यही कुरा सत्य हो । लेखकको मुख्य विचार पहिचान गर्न मात्र सिकाइएको व्यक्तिले साक्षरताको एउटा रूप सिकेको हुन्छ । अनुमानहरूमाथि प्रश्न उठाउन, ऐतिहासिक सन्दर्भहरू पहिल्याउन, वैचारिक प्रतिबद्धताहरू चिन्न र आपसमा बाझिने व्याख्याहरूबिच तुलना गर्न सिकेको व्यक्तिले भने साक्षरताको अर्को, धेरै उच्च र बढी पूर्ण रूप सिकेको हुन्छ । यो सीपको खाडल मात्र नभएर, यी दुईबिचको भिन्नता पाठक र लेखकले ज्ञानसँग आफैंलाई कसरी जोड्छन् भन्ने कुरामा निहित हुन्छ ।

यसै कारणले गर्दा, शिक्षामाथिको सङ्घर्ष अन्तत: चेतनाको लागि सङ्घर्ष हो । प्रत्येक समाजलाई आफ्नो पुनरुत्पादन गर्नका लागि कुनै न कुनै विधिको र आफ्नो निरन्तरतालाई लम्ब्याउनका लागि कुनै न कुनै तरिकाको आवश्यकता पर्दछ । यसले मूल्य मान्यता, विश्वास र ज्ञानका रूपहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्नैपर्छ । निर्णायक प्रश्न यो हो - शिक्षाले बौद्धिक निर्भरतालाई प्रोत्साहन गर्छ कि बौद्धिक स्वायत्ततालाई । के विद्यार्थीहरू सूचनाका निष्क्रिय उपभोक्ता बन्न सिक्नेछन् कि वास्तविकताका आलोचनात्मक अनुसन्धानकर्ता ?

"यस लेखकको भनाइको अर्थ के हो ?" भनी सोध्ने पाठकले मात्र एउटा महत्त्वपूर्ण पहिलो कदम चालेको हुन्छ । इतिहासको यस घडीमा "यो तर्क किन देखापऱ्यो ?" भनी सोध्ने पाठकले दोस्रो कदम चालेको हुन्छ । यी दुवै अझ अगाडि बढ्नुपर्छ । "यस पाठले कुन अनुमानहरूलाई पुनरुत्पादन गर्न मद्दत गर्दछ, यसले शक्तिको कुन सम्बन्धलाई प्रतिबिम्बित गर्दछ, यसले मलाई कुन विश्वदृष्टिकोण स्वीकार गर्न प्रोत्साहित गर्दछ र यो किन महत्त्वपूर्ण छ ?" भनी सोध्ने पाठकले पूर्ण अर्थमा आलोचनात्मक रूपमा पढ्न सुरु गरेको हुन्छ ।

एक आलोचनात्मक पाठक बन्नुको उद्देश्य शङ्कालु वा निराशावादी हुनु होइन, न त प्रत्येक पाठलाई प्रचारबाजीका रूपमा खारेज गर्नु वा हरेक विचारलाई निहित स्वार्थमा मात्र सीमित गर्नु नै हो । बरु, यो त बुझाइका लागि एकैसाथ दुवै दिशामा गति आवश्यक पर्दछ भन्ने कुरालाई चिन्नु हो । लेखकको तर्क बुझ्नका लागि हामी उनीहरूको संसारभित्र प्रवेश गर्नैपर्छ, तर त्यसका सीमाहरू बुझ्नका लागि हामी त्यो संसारभन्दा बाहिर पनि निस्कनैपर्छ । राम्रो पढाइका लागि सहानुभूति र शङ्का, बोध र आलोचना दुवै आवश्यक पर्छ ।

*simplifying socialism* **बाट अनुदित**

**दायित्वबोध डटकमबाट**

# क्युबाद्वारा स्थानीय अर्थतन्त्रलाई निजी क्षेत्रका लागि थप खुला गर्ने सुधारका योजनाहरू सार्वजनिक




**एजेन्सीहरू**

जून १७ मा क्युवाली कम्युनिस्ट पार्टीले बुधबार निजी लगानीका लागि थप क्षेत्रहरू खुला गर्ने उद्देश्यले सुधारका योजनाहरूको प्याकेज स्वीकृत गरेको छ । वासिङ्टनको चर्को दबाबमा रहेको यस राष्ट्रले हाल ठुलो आर्थिक सङ्कट बेहोरिरहेको छ ।

राज्य नियन्त्रित टेलिभिजनका अनुसार, “पार्टीको केन्द्रीय कमिटीले आर्थिक र सामाजिक रूपान्तरणका लागि नयाँ प्रस्तावहरू स्वीकृत गरेको छ ।” यसअन्तर्गत विदेशमा रहेका क्युवालीहरूबाट थप पुँजी आकर्षित गर्ने र राज्यको आकार घटाउनेजस्ता बुँदाहरू समावेश छन् । करिब २० वटा सुधारका प्रस्तावहरूमाथि छलफल गरिएको एक विशेष प्लेनरी सेसन पछि यो निर्णय आएको हो । यसअघि सरकारको नेतृत्वमा चालिएका यी सुधारका कदमहरूलाई अझै पनि प्रभावशाली मानिने पूर्वराष्ट्रपति राउल क्यास्ट्रोको पनि समर्थन प्राप्त भएको थियो ।

क्युवा सरकारको यो सुधारको शृङ्खला सङ्कटपूर्ण समयका लागि चालिएका द्रुत-मार्गका उपायहरू हुन्, किनभने देश हाल आधारभूत आवश्यकताका चीजहरूको व्यापक अभावसँग जुधिरहेको छ । राष्ट्रपति मिगुएल डियाज-कानेलले यी उपायहरूलाई पछिल्ला वर्षहरूकै सबैभन्दा ठोस र महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गर्नुभएको छ ।

पर्दा पछाडिको मुख्य शक्तिका रूपमा हेरिने कास्त्रोले पूर्ण बैठकमा प्रस्तुत गरिएको एक पत्रमार्फत यी प्रस्तावहरू “यस समयमा क्रान्तिका लागि सबैभन्दा बढी लाभदायक” रहेको भन्दै समर्थन जनाएका छन् । तीन दशकअघि दुईवटा नागरिक विमान खसालेको आरोपमा हालै संयुक्त राज्य अमेरिकाद्वारा आरोपित गरिएका ९० वर्ष नाघिसकेका कास्त्रोले सन् २००६ मा आफ्ना दाजु फिडेलको उत्तराधिकारी बनेपछि १५ वर्षसम्म देशको नेतृत्व थिए । क्युवाको नेतृत्व नभए पनि कम्तीमा उसको आर्थिक मोडलमा परिवर्तन चाहने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई यी सुधारहरूले सन्तुष्ट पार्छन् वा पार्दैनन् भन्ने कुरा अझै स्पष्ट छैन ।

**क्युवाको पुनरुत्थान**

गत जनवरीमा ट्रम्पद्वारा लगाइएको तेल नाकाबन्दीले क्युवाको पहिले नै शिथिल बनेको अर्थतन्त्रलाई पतनको सङ्घारमा पुऱ्याएको छ । जसका कारण कतिपय अवस्थामा ३० घण्टाभन्दा बढी समयसम्म विद्युत् कटौती हुने गरेको छ भने खाद्यान्न, इन्धन, पिउने पानी र औषधिको चरम अभाव देखिएको छ ।

वासिङ्टनसँग वार्ता गरिरहेको क्युवाली सरकारले देश भित्र र बाहिर बसोबास गर्ने क्युवालीहरूका लागि विभिन्न क्षेत्रहरूमा लगानीका नयाँ अवसरहरू खुल्ने सङ्केत दिएको छ । यो प्रस्ताव पारित हुनुअघि, प्रधानमन्त्री मानुएल मारेरोले एक्स (ट्विटर) मा सरकारलाई उद्धृत गर्दै यी सुधारहरूले “कुनै पनि हालतमा राज्यको सामाजिक उत्तरदायित्वलाई त्याग्ने कुराको सङ्केत नगर्ने” भनी आश्वस्त पारेका थिए ।

सन् २०२१ मा अनुमति पाएका र बढीमा १०० जनासम्मलाई रोजगारी दिन सक्ने निजी व्यवसायहरू यस राष्ट्रको अर्थतन्त्रको दिगो र बढ्दो रूपमा महत्त्वपूर्ण हिस्सा बनेका छन् । राष्ट्रपति डियाज-कानेलले क्युवाली नागरिकहरूलाई पनि विदेशी लगानीकर्ता सरहकै सुविधा र सर्तहरू प्रदान गरिने बताएका छन्, जसमध्ये कतिपय विदेशी लगानीकर्ताहरू अमेरिकी प्रतिबन्धका कारण हालै मात्र क्युवाबाट बाहिरिएका थिए ।

उनले मन्त्रालय र सरकारी कर्मचारीहरूको सङ्ख्या कटौती गरेर राज्यको आकार सानो बनाउने योजनाहरू पनि घोषणा गरेका छन् । सार्वजनिक गरिएका कतिपय सुधारहरू भने पुराना प्रस्तावहरूलाई नै परिमार्जन गरी ल्याइएका हुन्; जस्तै सरकारी स्वामित्वमा रहेका उद्यमहरूलाई थप स्वायत्तता प्रदान गर्नु, जसले क्युवाको कुल आर्थिक गतिविधिको करिब ८० प्रतिशत हिस्सा ओगट्छन् ।

# बर्नह्यामको जितले स्टारमरमाथि दबाब

विगान (बेलायत), १९ जून ( एएफपी) । बेलायतको सत्तारूढ लेबर पार्टीभित्र नेतृत्व परिवर्तनको बहस चर्किरहेका बेला अनुभवी राजनीतिज्ञ एन्डी बर्नह्यामले महत्त्वपूर्ण उपनिर्वाचन जित्दै संसद्मा पुनरागमन गर्नुभएको छ । उहाँको जितलाई सङ्कटमा परेका प्रधानमन्त्री किर स्टार्मरमाथि थप राजनीतिक दबाब सिर्जना गर्ने घटनाका रूपमा हेरिएको छ ।

सन् २०१७ देखि ग्रेटर म्यानचेस्टरका मेयर रहँदै आउनुभएका ५६ वर्षीय बर्नह्यामले उत्तरपश्चिम इङ्गल्यान्डको मेकरफिल्ड निर्वाचन क्षेत्रमा दक्षिणपन्थी रिफर्म युकेका उम्मेदवार रोबर्ट केन्यनलाई सहज रूपमा पराजित गर्नुभयो । उहाँले करिब ५५ प्रतिशत मत प्राप्त गर्दै नौ हजारभन्दा बढी मतान्तरले विजय हासिल गर्नुभएको हो । ऐतिहासिक रूपमा उच्च मानिएको ५९ प्रतिशत मतदान भएको उक्त निर्वाचनलाई लेबर पार्टीको भावी नेतृत्वसँग जोडेर हेरिएको थियो ।

विजयपछि बर्नह्यामले आफ्नो पार्टीलाई परिवर्तनको अन्तिम अवसर रहेको सन्देश दिँदै अब सही निर्णय लिनुपर्ने बताउनुभयो । उहाँले आफ्नो जित देशको राजनीतिक दिशाका लागि निर्णायक मोड बन्न सक्ने धारणा पनि व्यक्त गर्नुभयो ।

जुलाई २०२४ देखि प्रधानमन्त्री रहनुभएका किर स्टार्मर हाल पार्टीभित्र र बाहिर दुवैतर्फबाट बढ्दो दबाबमा हुनुहुन्छ । गत महिना इङ्गल्यान्ड, स्कटल्याण्ड र वेल्समा सम्पन्न निर्वाचनमा लेबरले निराशाजनक नतिजा बेहोरेपछि उहाँको नेतृत्वमाथि प्रश्न उठ्न थालेका हुन् । विभिन्न नीतिगत यु-टर्न, विवाद तथा वरिष्ठ नेताहरूको असन्तुष्टिले उहाँको राजनीतिक हैसियत थप कमजोर बनाएको विश्लेषण गरिँदै आएको छ ।

दर्जनौँ लेबर सांसदहरूले स्टार्मरलाई पद छोड्न आग्रह गरिसकेका छन् भने केही मन्त्रीहरूले राजीनामा दिएका छन् । यद्यपि, स्टार्मरले आफू पद नछोड्ने स्पष्ट गर्दै आमनिर्वाचनमा प्राप्त जनादेशअनुसार पूरा कार्यकाल शासन गर्ने अडान कायम राख्नुभएको छ ।

मेकरफिल्ड उपनिर्वाचनलाई सामान्य निर्वाचनभन्दा बढी महत्त्वका साथ हेरिएको थियो । सत्तारूढ दलभित्र बढ्दो असन्तुष्टिका बिच पूर्वलेबर सांसद जोश साइमन्सले आफ्नो स्थान खाली गरेपछि बर्नह्यामलाई संसद्मा फर्कने अवसर मिलेको थियो । यसले करिब ७७ हजार मतदाता रहेको उक्त निर्वाचन क्षेत्रलाई राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनाएको थियो ।

लगातार तीनपटक ग्रेटर म्यानचेस्टरको मेयर निर्वाचित हुनुभएका बर्नह्यामलाई ‘उत्तरका राजा’ उपनामले समेत चिनिन्छ । सर्वेक्षणहरूले उहाँ लेबर पार्टीका सबैभन्दा लोकप्रिय नेतामध्ये एक रहेको र प्रत्यक्ष प्रतिस्पर्धा भए स्टार्मरलाई चुनौती दिन सक्ने सम्भावना देखाएका छन् ।

बिहीबार भएको मतदानलाई बर्नह्यामले निगेल फराज नेतृत्वको रिफर्म युकेलाई रोक्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने परीक्षणका रूपमा पनि लिइएको थियो । मुख्यत: मजदुरवर्ग र श्वेत समुदायको बाहुल्य रहेको क्षेत्र रिफर्म युकेका लागि अनुकूल मानिए पनि उम्मेदवार केन्यनका पुराना विवादास्पद अभिव्यक्तिहरूले पार्टीलाई असर गरेको विश्लेषण गरिएको छ । साथै रिस्टोर ब्रिटेन पार्टीको उपस्थितिले दक्षिणपन्थी मत विभाजित भएको मानिएको छ ।

बर्नह्यामको जितसँगै लेबरभित्र नेतृत्व परिवर्तनको चर्चा झन् तीव्र बनेको छ । पार्टी नियमअनुसार नेतृत्वको दाबेदार सांसद हुनुपर्ने भएकाले संसद्मा उहाँको पुनरागमनलाई निर्णायक मानिएको छ । उहाँले सोमबार सांसदका रूपमा शपथ लिनुहुनेछ र त्यसपछि नेतृत्व प्रतिस्पर्धामा प्रवेश गर्ने सम्भावना बलियो देखिएको छ ।

नेतृत्व चुनौती औपचारिक रूपमा सुरु गर्न आवश्यक सांसदहरूको समर्थन जुटाउन बर्नह्यामलाई कठिन नहुने विश्लेषकहरूको भनाइ छ । लेबरका ४०० भन्दा बढी सांसदहरूमध्ये आवश्यक न्यूनतम ८१ जनाको समर्थन उहाँले सहजै प्राप्त गर्न सक्ने अनुमान गरिएको छ ।

यसैबिच, लेबरका दक्षिणपन्थी धारका पूर्व स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले प्रधानमन्त्री स्टार्मरलाई आफ्नो भविष्यबारे सोच्न केही समय दिनुपर्ने बताउनुभएको छ । उहाँले नेतृत्व प्रतिस्पर्धामा सहभागी हुने सम्भावना खुला राखे पनि पार्टीभित्र विभाजन बढ्न नदिन सहमतिमै समाधान खोज्नुपर्ने सङ्केत दिनुभएको छ ।

यद्यपि, मतदान विशेषज्ञ जोन कर्टिसले बर्नह्यामको विजयलाई अत्यधिक अर्थ नलगाउन चेतावनी दिनुभएको छ । उहाँका अनुसार यो नतिजाले लेबर पार्टीको राष्ट्रिय लोकप्रियतामा तत्काल नाटकीय सुधार ल्याउने निष्कर्ष निकाल्नु हतारो हुनेछ । तर, उपनिर्वाचनको परिणामले पार्टीभित्र नेतृत्वको बहसलाई नयाँ गति दिएको र आगामी केही सातामा ब्रिटिश राजनीतिले महत्त्वपूर्ण मोड लिन सक्ने सङ्केत भने स्पष्ट रूपमा दिएको छ ।

## विश्व सङ्क्षेप

### पूर्वी प्रशान्त महासागरमा अमेरिकाद्वारा डुङ्गामाथि आक्रमण जारी

वासिङ्टन, १९ जून (एएफपी) । संयुक्त राज्य अमेरिकाले पूर्वी प्रशान्त महासागरमा संदिग्ध लागु-औषध तस्करीको आरोपमा डुङ्गा आक्रमण जारी रहेको बताउँदै पछिल्लो आक्रमणमा डुङ्गामा सवार तीन जनाको मृत्यु भएको अधिकारीहरूले बिहीबार बताएका छन् । अमेरिकी सेनाले सेप्टेम्बरको सुरुमा ‘साउदर्न स्पियर’ अपरेसन सुरु गरेको बताउँदै राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याटिन अमेरिकाबाट सञ्चालित लागु-औषध कार्टेलहरूसँग अमेरिका प्रत्यक्ष युद्धमा रहेको आधारहीन घोषणा गरेका थिए ।

क्यारेबियन सागर र पूर्वी प्रशान्त महासागरमा भएको अमेरिकी आक्रमणमा दुई सयभन्दा बढी मानिसहरूको मृत्यु भएको जनाइएको छ ।

अमेरिकी गुप्तचर विभागले उक्त डुङ्गा पूर्वी प्रशान्त महासागरमा ज्ञात नार्को-तस्करी मार्गहरूमा पारगमन गरिरहेको र नार्को-तस्करी अपरेसनमा संलग्न रहेको पुष्टि गरेको युएस साउदर्न कमान्ड (साउथकम) ले सामाजिक सञ्जाल एक्समार्फत दाबी गरेको छ ।

यो आक्रमण यस हप्ताको दोस्रो आक्रमण थियो भने यसअघि मङ्गलबार भएको आक्रमणमा एक जना व्यक्तिको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको जनाइएको छ ।

यद्यपि, ट्रम्पको प्रशासनले आक्रमण गरेको प्रहार गरेको डुङ्गा लागु-औषध तस्करीमा संलग्न भएको निश्चित प्रमाण भने दिन सकेको छैन ।

स्पष्ट रूपमा संयुक्त राज्य अमेरिकाका लागि तत्काल खतरा पैदा नगर्ने नागरिकहरूलाई लक्षित गरी गरेका निरन्तरका अमेरिकी आक्रमण जन्य घटनाहरू गैरन्यायिक हुने कानुनी विज्ञहरू तथा अधिकार समूहहरूले बताएका छन् ।

### अस्ट्रेलियाले युद्धरत युक्रेनलाई थप ७० लाख अमेरिकी डलर सहयोग गर्ने

क्यानबेरा, १९ जून (सिन्ह्वा) । अस्ट्रेलियाली सरकारले शुक्रबार रुससँग युद्धरत युक्रेनलाई थप ७० लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको छ । अस्ट्रेलियाका उपप्रधानमन्त्री तथा रक्षामन्त्री रिचर्ड मार्लेसले आगामी १२ महिनामा नेटोको प्राथमिकता युक्रेन आवश्यकता सूची (पीयूआरएल) का लागि अस्ट्रेलियाले दुई करोड ५० लाख अमेरिकी डलर दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अस्ट्रेलियाले सन् २०२५ डिसेम्बरमा गरेको प्रारम्भिक ५० लाखको सहयोगको निरन्तरता भएको जनाइएको छ भने योसँगै युक्रेनको लागि अस्ट्रेलियाको कुल सहयोग एक अर्ब ८० करोड अमेरिकी डलर पुगेको मार्लेसले जानकारी दिएका छन् ।

# गाजाका सबै सीमाहरू खोली सहायता आपूर्तिका प्रतिबन्धहरू हटाउन राष्ट्रसङ्घको आह्वान

न्युयोर्क, १९ जून (क्युएनए) । संयुक्त राष्ट्रसङ्घीय मानवतावादी मामिलाका उप-महासचिव टम फ्लेचरले गाजापट्टीले युद्धविरामको छ महिना बितिसक्दा पनि प्यालेस्टिनीहरू असुरक्षा र सफा पानी, स्वास्थ्य सेवा र शिक्षाको पहुँचको अभावमा गम्भीर सङ्कटको सामना गरिरहेको जनाउनुभएको छ ।

फ्लेचरले संयुक्त राष्ट्र सुरक्षा परिषद्को सत्रमा बोल्दै संयुक्त राज्य अमेरिका र इरान बिचको सम्झौता र लेबनानमा तत्काल युद्धविरामको आशाबिच गाजाका समस्यामा ध्यान दिनुपर्ने बताउनुभएको छ । तीन वर्षको युद्धमा करिब ६० जना सहायताकर्मीको हत्या भएको सम्झना गर्दै उहाँले सहायता पुऱ्याउन गाजापट्टी विश्वको सबैभन्दा खतरनाक ठाउँ भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका उपमहासचिवले गाजाको ७० प्रतिशत जनसङ्ख्यालाई पर्याप्त आश्रयको आवश्यकता रहेको, जनाउँदै एउटा अस्पताल पनि पूर्ण रूपमा सञ्चालनमा नभएकाले जनताको अवस्था बिग्रँदै गएको बताउनुभएको छ । इजरायली कब्जा बलहरूले जेनेरेटर, इन्जिन तेल र स्पेयर पार्ट्सको प्रवेशमा सबैभन्दा धेरै बाधा पुऱ्याइरहेको उहाँले उल्लेख गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका अधिकारीले गाजाका सबै सीमा नाकाहरू खोल्न र आवश्यक आपूर्तिमा इजरायली प्रतिबन्धहरू हटाउन आग्रह गरेका छन् । उहाँले मानवीय सहायतालाई सीमा प्रतिबन्धबाट छुट दिन, मानवीय कामदारहरूलाई दीर्घकालीन भिसा दिन, जोर्डन र प्यालेस्टिनी सरकारहरूद्वारा समन्वय गरिएको शिविरहरू पुन: सुरु गर्न र चिकित्सा निकासी विस्तार गर्न पनि आह्वान गर्नुभएको छ ।

युद्धविराम पछि, गाजामा अनिकालको केहि अवस्था सहज भए तापनि यो गम्भीर सङ्कटको चरणमा रहेको बताइएको छ । करीव २१ हजार ट्रक सहायता सङ्कलन गरिएको र पानी तथा स्वास्थ्य सेवा विस्तार गरिनुका साथै दसौँ हजार बालबालिकालाई खोप लगाइएको र ६ लाखभन्दा बढी मानिसलाई आश्रय प्रदान गरिएको उहाँले बताउनुभएको छ ।

फ्लेचरले यो पर्याप्त नभएको बताउँदै गाजा अस्थायी मानवीय समाधान र प्यालेस्टिनीहरूको उद्धारतालाई धन्यवाद दिनुभएको छ । यो एक अस्थिर अवस्था भएको उल्लेख गर्दै उहाँले सुरक्षा, आश्रय, पानी, स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत आवश्यकताहरूबाट वञ्चित रहेको कुरामा जोड दिँदै युद्धविरामपछि करिब एक हजार प्यालेस्टिनी मारिएको बताउनुभएको छ ।

फ्लेचरले सुरक्षा परिषद्का लागि तीन प्रमुख मागहरू नागरिक र मानवीय कामदारहरूको सुरक्षा, सहायताका लागि सुरक्षित, दिगो र निर्बाध पहुँच सुनिश्चित गर्ने र पर्याप्त रकम उपलब्ध गराउने बताउनुभएको छ ।

# रुस–आसियान साझेदारी थप मजबुत




मस्को, १९ जून (एपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन आसियानका नेताहरूले कजानमा सम्पन्न शिखर सम्मेलनमार्फत आपसी रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । भू-राजनीतिक तनाव बढिरहेका बेला दुवै पक्षले राजनीतिक, आर्थिक तथा सुरक्षा सहकार्य विस्तार गर्दै बहुध्रुवीय विश्व व्यवस्थाको पक्षमा साझा धारणा प्रस्तुत गरेका हुन् ।

रुसले आयोजना गरेको उक्त शिखर सम्मेलनमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मा, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड, पूर्वी टिमोर र भियतनामका प्रतिनिधिहरू सहभागी भएका थिए । बैठकमा रुस र आसियानबिच विगतदेखि विकसित हुँदै आएको रणनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने तथा भविष्यमा सहकार्यका नयाँ क्षेत्रहरू पहिचान गर्ने विषयमा सहमति भएको जनाइएको छ ।

शिखर सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले रुस-आसियान साझेदारीले एसिया-प्रशान्त क्षेत्रमा स्थायित्व कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँका अनुसार वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिमा सन्तुलित सुरक्षा संरचना निर्माण गर्नुका साथै पारस्परिक लाभमा आधारित सहकार्यलाई अगाडि बढाउन यस्तो सम्बन्ध अझ आवश्यक बनेको छ ।

बैठकका क्रममा विश्वव्यापी तथा क्षेत्रीय घटनाक्रमबारे विचार आदानप्रदान गरिएको थियो । साथै रुस-आसियान सम्बन्धको वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी वर्षहरूमा सहकार्य विस्तार गर्ने प्राथमिक क्षेत्रबारे पनि विस्तृत छलफल भएको थियो । व्यापार, लगानी, ऊर्जा, कृषि, डिजिटल रूपान्तरण, विज्ञान तथा प्रविधि, पर्यटन र जनस्तरका सम्बन्धलाई थप प्रवर्द्धन गर्ने विषयलाई विशेष महत्त्व दिइएको थियो ।

पुटिनले हालका वर्षहरूमा रुस र आसियानबिच नयाँ सुरक्षा चुनौती तथा विभिन्न अन्तर्राष्ट्रिय खतरासम्बन्धी सहकार्य पनि बढ्दै गएको उल्लेख गर्नुभयो । उहाँले व्यावहारिक सहकार्यका क्षेत्रहरू विस्तार हुँदै गएको र यसले दुवै पक्षलाई दीर्घकालीन लाभ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

शिखर सम्मेलनको अन्त्यमा जारी संयुक्त घोषणापत्रमा सहभागी राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्तप्रति प्रतिबद्धता दोहोऱ्याएका छन् । घोषणापत्रमा अन्तर्राष्ट्रिय कानूनको सम्मान, सबै राष्ट्रको सार्वभौम समानता, आपसी लाभमा आधारित सहकार्य तथा न्यायपूर्ण बहुध्रुवीय विश्व व्यवस्थाको निर्माणप्रति साझा समर्थन व्यक्त गरिएको छ । घोषणापत्रमा कजान शिखर सम्मेलनलाई रुस-आसियान सम्बन्धको महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा चित्रित गरिएको छ । सहभागी राष्ट्रहरूले आगामी दिनमा पनि उच्चस्तरीय राजनीतिक सम्पर्क कायम राख्दै रणनीतिक साझेदारीलाई थप अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।

शिखर सम्मेलनको अवसरमा पुटिनले आसियान सदस्य राष्ट्रका नेताहरूसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता पनि गर्नुभयो । सम्मेलनको सह-अध्यक्षता फिलिपिन्सका राष्ट्रपति फर्डिन्यान्ड मार्कोस जुनियरले गर्नुभएको थियो । फिलिपिन्सले हाल आसियानको घुमाउरो अध्यक्षता सम्हालिरहेको छ ।

आसियानभित्रका सदस्य राष्ट्रहरूको कूटनीतिक र रणनीतिक प्राथमिकता भने एकरूप छैन । केही सदस्य राष्ट्रहरू अमेरिकासँग निकट सम्बन्धमा छन् भने अन्य देशहरूको चीन र रुससँग व्यापारिक तथा सुरक्षा सहकार्य गहिरो रहेको छ । यही विविधताबिच पनि सङ्गठनले साझा क्षेत्रीय हितका विषयमा सहकार्यलाई निरन्तरता दिँदै आएको छ ।

ऊर्जा सुरक्षाको विषय पनि सम्मेलनको महत्त्वपूर्ण एजेन्डामध्ये एक बनेको थियो । फिलिपिन्स, इन्डोनेसिया, थाइल्यान्ड र भियतनामलगायतका केही आसियान सदस्य राष्ट्रहरूले रूसी कच्चा तेल आयात गरिसकेका छन् वा त्यसमा रुचि देखाएका छन् । इरानसँग सम्बन्धित युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेपछि वैकल्पिक ऊर्जा आपूर्तिको खोजीमा रहेका यी देशहरूका लागि रुस थप महत्त्वपूर्ण साझेदारका रूपमा उभिएको देखिएको छ ।

***विद्यालय...***

लागि सामूहिक प्रयास झन् बढ्दै जाने आवश्यकता बोध गर्दै अतिथि गोसाईले समाज विज्ञान र प्रविधिमा निरन्तर अगाडि बढिरहेकोले शिक्षण विधि र शैक्षिक प्रगतिका लागि प्रविधिको क्षेत्रमा पनि अगाडि बढाउनेतर्फ सबैले सोच्नुपर्ने बेला आएको बताउनुभयो ।

भूकम्पपछि नेपालभरका सांस्कृतिक सम्पदाहरू भत्केको र त्यसको निर्माण भक्तपुरको मोडेलमा सरकार अगाडि बढ्नुपर्नेमा त्यसरी अगाडि नबढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले विदेशीसँग हात नफैलाई समाज र समुदायलाई साथमा लिएर निर्माणको काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यालयले शिक्षा क्षेत्रमा गर्दै आएको योगदानको चर्चा गर्दै विद्यालयको प्रगतिको कामना गर्नुभयो ।

भ.न.पा वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले शैक्षिक प्रगतिका लागि स्थानीय तहले विद्यालयलाई आर्थिक सहयोग गर्ने गरेको बताउँदै भूकम्पले विद्यालयको भवन क्षति तुल्याए पनि यहाँको शैक्षिक अभियानमा क्षति नपुगोस् भन्ने अभिप्रायले जनप्रतिनिधिहरूले काम गरिरहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुईले विद्यालय भवनको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । भक्तपुर नगरपालिका शिक्षा शाखा प्रमुख साधुराम फुयाल, विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षाप्रेमी हिमालयश्वरलाल मूल, शिक्षकहरू विनय कोजु, सुशीला कर्माचार्यलगायतले बोल्नुभएको थियो । कार्यक्रमको सभापतित्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालले गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, विद्यालय निर्माणमा गठित उपभोक्ता समितिका पदाधिकारीहरू, शिक्षासेवी, स्थानीय शुभचिन्तकहरू, विद्यालयका पूर्वविद्यार्थी तथा शिक्षकलगायत अभिभावक एवम् विद्यार्थी र शिक्षकहरूको उपस्थितिमा भवन उद्घाटन कार्यक्रम भएको थियो ।

***जाँचबुझ...***

स्थानमा व्यस्त भएको कारण लुटपाट तथा आगजनी नियन्त्रणमा चुनौती पैदा भयो । शान्तिपूर्ण भिडमा बाह्य समूह प्रवेश गरी उन्माद फैलाएको कारण पनि आन्दोलन हिंसात्मक र ध्वंसात्मक बनेको हो ।

**सशस्त्र प्रहरी नायव महानिरीक्षक सुरेशकुमार श्रेष्ठ :**

भदौ २३ गते काठमाडौँ जिल्ला प्रशासन कार्यालयबाट कर्फ्यु आदेश जारी भइसकेको अवस्थामा खटिएका कमान्डरले स्थानीय प्रशासन ऐनले तोकिदिएको अधिकार प्रयोग गरी अन्तिम बलस्वरूप इन्सास राइफलबाट १० राउन्ड र एसएलआरबाट ९ राउन्डसमेत जम्मा १९ राउन्ड हवाईफायर गरेको जानकारी वाहिनीको कन्ट्रोलमार्फत मलाई रिपोर्टिङ भएको थियो ।

बल प्रयोगसम्बन्धी निर्णय व्यक्तिगत जिम्मेवारी र फिल्डमा भएको वास्तविक परिस्थितिको मूल्याङ्कनअनुसार लिन सकिने प्रक्रियाअनुसार नै अगाडि बढाइएको थियो । न्यूनतम बल प्रयोग र अन्य विकल्पहरूले स्थिति नियन्त्रणमा लिन सक्ने सम्भावना समाप्त भइसकेपछि ठुलो आकारको र आक्रामक भिडलाई नियन्त्रण गर्न अन्तिम उपायका रूपमा गोली प्रहार गर्नु अपरिहार्य थियो ।

२४ गते बिहानैदेखि भिड ठुलो हुँदै गएपछि हिंसात्मक प्रवृत्तिहरू देखा पर्न थाले । एकैसाथ धेरै संवेदनशील बिन्दुहरूमा आक्रमण हुन थालेपछि बल विभाजन र प्राथमिकता निर्धारण कठिन बनेको थियो । मद्दतका लागि प्रयोगमा आएका दुईवटा ट्रकमा समेत हिंस्रक भिडले आगजनी गरिदियो । उपत्यका प्रहरी कार्यालयमाथि प्रदर्शनकारीहरूले आक्रमण गर्दा त्यहाँ खटिएका नेपाल प्रहरीका केही सुरक्षाकर्मी कार्यालय छोडेर अन्यत्रै गए । सशस्त्र प्रहरीबाट शान्ति सुरक्षा गर्ने गराउने सिलसिलामा ग्यास सेल ६०० राउन्ड, ब्ल्याङ्क राउन्ड २१० र लाईभ राउन्ड १४० प्रहार गरियो । तर, उक्त प्रहारबाट मानवीय क्षति भएको छैन । ड्युटीमा खटिएका १४१ जना सशस्त्र प्रहरी कर्मचारी घाइते भएका छन् ।

***चित्रमार्फत...***

र हाम्रो दैनिक जीवन विषयमा सैनिक आवासीय महाविद्यालयबाट अमन श्रेष्ठ प्रथम, एभरेस्ट इङगलिस स्कुलका संचिता बाटी द्वितीय र साइनिङ स्टुडेन्टस् एकेडेमीका रेगन घटाने तृतीय भएका थिए ।

प्रतियोगिताको उत्कृष्ट विद्यालय र विद्यार्थीहरूलाई प्रमुख प्रजापतिले ट्रफीसँगै नगद, प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको थियो ।

***अमेरिका...***

नलाग्ने व्यवस्था गरिएको छ ।

सम्झौताअनुसार इरानमाथिका तेल प्रतिबन्ध हटाइने र आणविक कार्यक्रमसम्बन्धी अन्तिम सहमतिपछि पुनर्निर्माणका लागि ठुलो आर्थिक सहायता परिचालन हुने उल्लेख गरिएको छ । तर, ती प्रावधानहरूको कार्यान्वयन र राजनीतिक सहमतिबारे अझै स्पष्टता आएको छैन ।

यसैबिच, लेबनानमा इजरायल र हिजबुल्लाहबिच तनाव पुन: बढेको छ । हिजबुल्लाहले आफ्ना लडाकूहरूले इजरायली ट्याङ्कमा आक्रमण गरेको दाबी गरे पनि इजरायलले त्यसको पुष्टि गरेको छैन । दुवै पक्षबिच सीमावर्ती क्षेत्रमा आक्रमण-प्रत्याक्रमण जारी रहेको बताइएको छ ।

# बहुप्रतिभाशाली नकर्मीका 'ख्याल' माथि केन्द्रित कार्यशाला सुरु

भक्तपुर, असार ५ । वरिष्ठ नाट्यकर्मी, लेखक तथा निर्देशक रामशेखर नकर्मीका ख्याल (प्रहसन) हरूमाथि केन्द्रित तीनदिने कार्यशाला बिहीबार भक्तपुरबाट सुरु भयो ।

नाट्यकर्मी समाज नेपाल, भक्तपुरको आयोजनामा सञ्चालन भएको 'रामशेखर नकर्मीका ख्याल:हरूको कार्यशाला' असार ४, ५ र ६ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । कार्यशालामा रामशेखर नकर्मीद्वारा सिर्जित ख्याल तथा प्रहसनहरूको अध्ययन, विश्लेषण, प्रस्तुति र समसामयिक सान्दर्भिकताबारे छलफल गरिने बताइएको छ ।

नेपाली रङ्गमञ्च तथा साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका रामशेखर नकर्मी भक्तपुरका चर्चित कलाकार, लेखक तथा निर्देशकका रूपमा परिचित हुनुहुन्थ्यो । उहाँले नाटक, प्रहसन, कथा तथा उपन्यासमार्फत नेपाली समाजका विविध पक्षलाई केलाउनुभएको थियो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले रामशेखर नकर्मीका रचना र कृतिबाट जनपक्षीय साहित्य र कला सिक्न सकिने बताउनुभयो ।

नाट्य तथा ख्यालकर्मीहरू न्हिसुतु, राजेन्द्र श्रेष्ठ र लक्ष्मीप्रसाद चवाललगायतले सम्बन्धित विषयबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

आयोजकका अनुसार कार्यशालाले नयाँ पुस्ताका नाट्यकर्मीलाई रामशेखर नकर्मीका सिर्जना र योगदानबारे जानकारी गराउनुका साथै ख्याल परम्पराको संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । नाट्यकर्मी समाज नेपालले विगतमा पनि भक्तपुरमा विभिन्न नाटक मेला तथा रङ्गकर्मसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कार्यशालामा स्थानीय नाट्यकर्मी, कलाकार, विद्यार्थी तथा रङ्गमञ्चप्रति रुचि राख्ने व्यक्तिहरूको सहभागिता रहेको छ । लेखक, निर्देशक, कथाकार, नाटककार, हास्य व्यङ्ग्यकार रामशेखरको २०७३ सालमा निधन भएको थियो ।

**सन्तुलित जनसंख्या: विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**



जन्म : १९९९/११/१२
निधन: २०८३/०३/०४

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका वडा नं. ५ का सदस्य सीतालक्ष्मी छुस्याकी, कृष्णप्रसाद छुस्याकी र रामप्रसाद छुस्याकीका ममतामयी माता **पूर्णकेशरी छुस्याकी**को असामयिक निधन भएकोमा शोकाकुल परिवारजनमा समवेदना तथा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
भनपा वडा नं. ५ समिति, भक्तपुर

**हार्दिक समवेदना**




जन्म
२०४९/०८/११

स्वर्गारोहण
२०८३/०३/०३

यस आकासे पानी सङ्कलन प्रणाली तथा लिबाली खानेपानी वितरण समितिका सहसचिव एवम् लिबाली गणेश जात्रा बन्दोबस्त समितिका सदस्य **रोशन गाईजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**आकासे पानी सङ्कलन प्रणाली तथा लिबाली खानेपानी वितरण समिति एवम् लिबाली गणेश जात्रा बन्दोबस्त समिति**
भक्तपुर-८, लिबाली

**हार्दिक समवेदना**



जन्म
१९९५/०१/१७

स्वर्गारोहण
२०८३/०२/३१

पूर्व बक्सिङ खेलाडी समूहका आदरणीय सदस्य सुरज ग्वाछ्छाका पूजनीय बुबा **रमाभक्त ग्वाछ्छा**को असामयिक दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

**पूर्व बक्सिङ खेलाडी समूह**
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा